# संविधानसभाको सन्दर्भ : मधेसका सवालबारे छापामा बहस

तीर्थ विष्ट

## पृष्ठभूमि

२०६३ माघमा भएको मधेस आन्दोलन वा विद्रोहपछि नै मधेसका सवालले नेपाली सञ्चारमाध्यममा प्राथमिकता पाएका हुन् ।[1] उक्त आन्दोलनभन्दा अगाडि मधेसले नेपाली मिडियामा प्राथमिकता पाउँदैन थियो (प्रेमर्षि २०६१, सन् २००६) । अर्थात्, मधेस आन्दोलनले नै मधेसका सवाललाई राजनीतिक रूपमा बहसको शिखरमा पुऱ्याइदियो (विष्ट र मानन्धर २०६४) । मधेसलाई केन्द्रबिन्दुमा राखी हिन्दी तथा अन्य स्थानीय भाषा, एक मधेस एक प्रदेश, समावेशीकरण, नागरिकताजस्ता विषय नेपाली मिडियामा खुबै छाएका छन् ।

यसरी नेपाली मिडियामा महत्त्वपूर्ण स्थान पाउन थालेका विभिन्न सवालहरूलाई संविधान निर्माणको सन्दर्भसँग जोडेर यस लेखमा विश्लेषण गरिएको छ। मधेसबारे धेरै सवाल उठेका भए पनि यस लेखमा ती सबैको अध्ययन गरिएको छैन । यस अध्ययनमा मधेसकेन्द्रित राजनीति गर्ने मधेसवादी

---

[1] 'तराई'को पर्यायवाची शब्दका रूपमा प्रयोग हुँदै आएको 'मधेस' शब्दको प्रयोग र अवस्थितिबारे बेग्लाबेग्लै दाबी छन् । भौगोलिक दृष्टिले तराई वा मधेस भनेर चिनिने भूभागलाई यहाँ 'मधेस' भनिएको छ ।

*मिडिया अध्ययन* ६ : १६५-१९८ २०६८

दलहरूले प्रमुख रूपमा उठाउँदै आएका विषयलाई मात्रै लिइएको छ । समग्र मधेस एक प्रदेश र हिन्दी भाषा अखबारमा सबैभन्दा बढी चर्चामा रहे । अखबारमा यी दुई विषयमा कसरी बहस भयो ? बहसमा के-कस्ता तथ्य र तर्कहरू आए ? यस्ता बहसमा अखबारको भूमिका कस्तो रह्यो ? र, अखबारले दिएको स्थानप्रति विभिन्न विज्ञ र पत्रकारिता क्षेत्रका व्यक्तिहरूको धारणा के छ भन्ने प्रश्नको जवाफ खोज्ने प्रयास यहाँ गरिएको छ ।

मधेसका सवालबारे अखबारमा भएको बहसका लागि मुख्यतः दुई सन्दर्भलाई आधार मानिएको छ । २०६४ चैत २८ मा सम्पन्न संविधानसभाको निर्वाचन वरपरको समय अर्थात् २०६४ फागुनदेखि २०६५ साउनसम्मका अखबार पढिएको छ । मधेसकेन्द्रित राजनीतिक दलका चुनावी घोषणापत्रबारे भएको बहस थाहा पाउनका लागि निर्वाचनभन्दा दुई महिना अघिदेखिका र निर्वाचनपछि मधेसका विषयमा धेरै बहस भएकाले २०६५ साउनसम्मका अखबार अध्ययनमा समेटियो । संविधानसभाको निर्वाचन हुनुअघि मधेसवादी दलहरूले एक मधेस एक प्रदेशको नारासहित सङ्घीय राज्य प्रत्याभूतिको माग गरी आन्दोलन चर्काएर निर्वाचन बिथोल्नेसम्मको चुनौती दिएका थिए । तर पछि सरकारसँग आठ बुँदे सहमति गरेर मधेसवादी दलले चुनावमा भाग लिए । यस्तै, संविधानसभाका ११ ओटा विषयगत समिति[२] का प्रतिवेदन संविधानसभामा प्रस्तुत भएपछि कम्तीमा १५ दिनका अखबार पढिएको छ ।[३] विषयगत समितिका प्रतिवेदनबारे संविधानसभामा छलफल भइरहँदा मधेसका सवालबारे अखबारमा कसरी बहस भएको थियो भनेर जान्नका लागि २०६६ जेठ ८ गतेदेखि २०६६ माघ मसान्तसम्मका अखबारहरू पढियो । मुख्यतः विचार-सम्पादकीय पृष्ठमा आउने सम्पादकीय, विचार वा टिप्पणी, अन्तर्वार्ता र पाठक प्रतिक्रियालाई मात्र यस अध्ययनमा समेटिएको छ । तर, यी विषयमा अखबारको धारणा बुझ्न समाचारलाई पनि कहीँ-कहीँ सन्दर्भका रूपमा प्रयोग गरिएको छ ।

---

[२] संविधानको प्रारम्भिक मस्यौदा तयार पार्न संविधानसभामा १० ओटा विषयगत समिति र एकीकृत मस्यौदा तयार पार्न संवैधानिक समिति तथा ती समितिलाई सहयोग गर्न तीनओटा प्रक्रियागत (प्राविधिक) समिति गठन गरिएको छ ।

[३] संविधानसभामा प्रस्तुत हुने पहिलो प्रतिवेदन राष्ट्रिय हित संरक्षण समितिको प्रतिवेदन हो भने अन्तिम चाहिँ राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिको प्रतिवेदन । संविधानसभामा प्रत्येक प्रतिवेदनको छलफलका लागि पाँच दिनमा सक्ने गरी जम्मा ३० घण्टाको समय छुट्याइएको थियो । संविधानसभामा प्रस्तुत भएर पनि बेलैमा छलफल नभएका प्रतिवेदनबारेको अखबारीय बहस जान्नका लागि थप १५ दिनका अखबार पढिएको थियो ।

यस अध्ययनमा तीनओटा राष्ट्रिय दैनिक *गोरखापत्र, कान्तिपुर र नयाँ पत्रिका*लाई छनोट गरिएको छ । *गोरखापत्र* एक शताब्दीभन्दा लामो इतिहास भएको सरकारी स्वामित्वमा रहेको पत्रिका हो । २०४६ सालपछिको खुला वातावरणमा प्रकाशन प्रारम्भ भएको *कान्तिपुर* नेपालको स्थापित र प्रमुख अखबार मध्येको एक हो । *नयाँ पत्रिका* २०६४ वैशाखबाट अर्थात् मधेस आन्दोलनपछि प्रकाशन हुन थालेको पछिल्लो अवधिको पत्रिका भएकाले यसलाई पनि छनोट गरिएको हो ।

यस लेखमा मुख्य चार खण्ड छन् । पहिलो खण्डमा मधेस विद्रोहपछि मिडियामा मधेसले प्राथमिकता पाउनुका सम्भावित कारणबारे छोटो चर्चा छ । दोस्रो र तेस्रो खण्डमा क्रमशः समग्र मधेस एक प्रदेश र सरकारी कामकाज तथा सम्पर्क भाषाका रूपमा हिन्दीको प्रयोगका सम्बन्धमा व्याख्या गरिएको छ । मधेसका यी दुई महत्त्वपूर्ण सवालमा अखबारको पक्षधरता कस्तो थियो भन्ने कुरा चौथो खण्डमा खोजिएको छ । र, अन्तमा समग्र अध्ययनको निष्कर्ष दिइएको छ ।

## मिडियाको प्राथमिकतामा मधेस

२०६३ माघमा भएको मधेस आन्दोलनअघि नेपाली मिडियाका लागि मधेस प्राथमिकताको विषय थिएन । तर, त्यसपछि मिडियामा मधेसको उपस्थिति निकै बाक्लियो । यसो हुनुका कारण धेरै हुन सक्छन् । विभिन्न राजनीतिक दलमा भएका मधेसी नेताहरूका कुरा नेतृत्वमा रहेकाहरूले सुन्दैनथे । मिडियाले पनि उनीहरूको कुरा खोज्दैनथ्यो ।[४] *कान्तिपुर* दैनिकका सम्पादक सुधीर शर्माका अनुसार जल्दोबल्दो विषयका पछाडि दौडिने आमप्रवृत्ति नेपाली मिडियाको पनि छ । पहिचान, उत्पीडन र विभेदलाई आधार मानेर भएको मधेस आन्दोलन राष्ट्रिय सवाल बन्यो र त्यसले काठमाडौँको मिडियामा ठाउँ पायो ।[५] नेपाली मिडियामा राजनीतिक विषय, त्यसमा पनि राजनीतिक दल तथा तिनका नेताहरूले पाउने स्थान ठूलो छ । मधेस विद्रोहले गर्दा नै मिडियामा मधेसले प्राथमिकता पाएको हो भन्ने कुरा शतप्रतिशत सत्य भने होइन ।[६] पत्रकार कृष्णज्वाला

---

४ तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष वृषेशचन्द्र लालसँग २०६७ माघ १४ गते गरिएको कुराकानीमा आधारित ।

५ *कान्तिपुर* दैनिकका सम्पादक सुधीर शर्मासँग २०६७ माघ २९ मा गरिएको कुराकानी ।

६ २०६४ चैतमा भएको संविधानसभा निर्वाचनको समयमा प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यमको अनुगमन गरेको थियो । प्रतिवेदनअनुसार मधेसवादी दलले सञ्चारमाध्यममा थोरै मात्र स्थान पाउनुका साथै प्रत्यक्ष भनाइ राख्ने अवसर पनि कम पाएका थिए । बढी स्थान पाउने पहिला दश उमेदवारमा मधेसका कुनै पनि नेताहरू पर्दैनन् (अधिकारी र पोखरेल २०६५) ।

देवकोटाका अनुसार संविधानसभामा मधेसी दलहरूको बलियो उपस्थिति हुनु यसको प्रमुख कारण हो । पहिले केन्द्रीय राजनीति मधेसी दलको पकडमा थिएन । संविधानसभाको निर्वाचनपछि प्रमुख राजनीतिक दलहरूबीच दूरी बढ्दै जाँदा आफूलाई मधेसवादी भन्ने दलहरू सत्ताका लागि निर्णायक भए । त्यसपछि उनीहरू के भन्छन् भनेर मिडियाले ध्यानपूर्वक हेर्न थाल्यो । त्यस्तै सङ्घीयता र समावेशीकरणको बहस राजनीतिक वृत्तमा हुँदै गर्दा त्यसको दबाब मिडियासम्म पनि आइपुग्यो । त्यसैले मिडियाले आफूलाई समावेशी बनाउन र देखाउन पनि मधेसका सवाललाई महत्त्व दिन थाल्यो ।[७]

समावेशीकरणको बहस मधेस आन्दोलनभन्दा अघिदेखि नै सुरु भएको भए पनि त्यो मधेसकेन्द्रित चाहिँ थिएन । त्यसैले मधेस र मिडियाको सन्दर्भमा मधेस विद्रोह महत्त्वपूर्ण बिन्दु हो । मधेसले मिडियामा किन प्राथमिकता पाउन थाल्यो त ? यसको उत्तर एउटै नभए पनि यो शक्तिसँग जोडिएको विषय भने अवश्य हो । चाहे त्यो सत्ताको शक्ति होस् वा आन्दोलनको शक्ति । हृदयेश त्रिपाठी भन्छन्, "मिडिया मधेसको विषयवस्तु खोज्दै गएको होइन । आन्दोलनको राप र तापमा परेर मात्र गएको हो ।"[८] मधेस आन्दोलनले उठाएको सवालभन्दा पनि यिनीहरू मर्छु र मार्छु भन्न सक्दा रहेछन् भन्ने भएपछि मिडिया बल्ल त्यतातिर आकर्षित भएको हो भन्ने धीरेन्द्र प्रेमर्षिको भनाइ छ ।[९] मिडियामा मात्र होइन, प्राज्ञिक/बौद्धिक वृत्तमा पनि यो प्रमुख विषय थिएन (गौतम २०६४क) । यही परिप्रेक्ष्यमा मधेसमा पहिलोपल्ट सशक्त आन्दोलन भयो । त्यसपछि मधेसमा यस्तो विद्रोह किन भयो भनेर मिडियामा चर्चा हुनु स्वाभाविक हो ।

लोकतन्त्रको वकालत गर्ने मिडिया आफै लोकतान्त्रिक हुन सकेको छैन । यसले मधेसलाई निष्पक्ष वा तटस्थ ढङ्गले हेर्ने प्रयत्न नै गरेन । यसको एउटा कारण अन्य क्षेत्रमा जस्तै मिडियामा पनि सत्ताधारी वर्गको हालिमुहाली कायमै हुनु हो (प्रेमर्षि सन् २००६) । नेपाली मिडिया मधेसप्रति पूर्वाग्रही थियो, र छ भन्ने कुरामा राजनीतिमा लागेका र नलागेका मधेसीहरूको एउटै धारणा छ । मूलधारे नेपाली मिडियामा अझै पनि पहाडीको बहुमत भएकाले अचेत रूपमा पूर्वाग्रहको धङ्धडी होला भन्ने कुरा स्वीकारे पनि अखबारका सम्पादकहरू मिडिया जानाजान मधेसप्रति पूर्वाग्रही छ भन्ने मान्दैनन् । पहिले नेपाल सद्भावना पार्टीले मधेसका

---

[७] *नयाँ पत्रिका*का सम्पादक कृष्णज्वाला देवकोटासँग २०६७ माघ १० गते गरिएको कुराकानीमा आधारित ।

[८] तराई मधेस लोकतान्त्रिक पार्टीका हृदयेश त्रिपाठीसँग २०६७ पुस ९ गते गरिएको कुराकानी ।

[९] धीरेन्द्र प्रेमर्षिसँग २०६७ पुस २० गते गरिएको कुराकानी ।

सवाललाई उठाउँदा मिडियाले सद्भावनालाई साम्प्रदायिक दल भनेर छुवाछुतको व्यवहार गरिरहे तर त्यस्तै विषयहरू मधेस आन्दोलनपछि आएका नयाँ मधेसवादी दलहरूले उठाउँदा क्षेत्रीय दलको रूपमा मिडियाले स्वीकारेको कतिपय पत्रकारको धारणा छ ।[१०]

मधेस विद्रोहअघि र पछि मिडियामा आएको परिवर्तनबारे विश्लेषक सीके लाल भन्छन् :

> मिडियामा दलितको उत्पीडन, दहेज प्रथा, बोक्सी प्रथाजस्ता विभेद र कुरीतिबारे समाचार आउँथ्यो । अर्थात् मधेस भित्रको अन्तर्द्वन्द्वको कुरा राष्ट्रिय मिडियामा आउँथ्यो । प्याट्रोनाइजिङ् क्रिटिकल टोन पाइन्थ्यो मिडियामा, विद्रोहपछि नचाहँदा नचाहँदै पनि दबिएको आवाजमा भए पनि सम्मानजनक ढङ्गबाट बराबरी मान्ने किसिमको कभरेज हुन थाल्यो । त्यस्तै मधेसका राजनीतिक सवालले पनि मिडियामा ठाउँ पाउन थाले ।[११]

मिडियाले बराबरीको व्यवहार गर्नु भनेको मधेसको हैसियत बढ्नु हो । सीके लालको माथिको भनाइले पनि मधेसको शक्तिको वृद्धिलाई नै सङ्केत गर्छ ।

मधेस विद्रोहपछि मिडियामा आएको अर्को परिवर्तन हो समाचार कक्षमा मधेसीको उपस्थितिमा वृद्धि । मधेस विद्रोहपछि मिडियामा मधेसीको प्रवेश बढ्दै गयो । यस्तै, मधेसीहरूले पनि पत्रकारितालाई भरपर्दो पेसाका रूपमा लिन थाले (चन्द्रकिशोर २०६४) । धेरै प्रमुख मिडियामा मधेस बिटको व्यवस्था गरिएको छ । कतै मधेसीलाई नै त्यो जिम्मेवारी दिइएको छ भने कतै मधेससम्बन्धी रुचि भएकाहरूले त्यसलाई हेरिरहेका छन् । यसै गरी तराईमै पनि रिपोर्टरहरू बढेका छन् । मधेसको विषयमा लेख्ने मधेसी मूलका लेखकहरूको धारणा पनि सकारात्मक छ । पहिले भनसुन गर्दा पनि नछापिने लेखकहरूलाई अहिले लेखिदिनुपर्‍यो भनेर अनुरोध पनि आउन थालेको छ ।[१२]

---

[१०] *नयाँ पत्रिका*का सम्पादक कृष्णज्वाला देवकोटासँग २०६७ माघ १० र *कान्तिपुर*का सम्पादक सुधीर शर्मासँग २०६७ माघ २९ मा गरिएको कुराकानीमा आधारित ।

[११] विश्लेषक सीके लालसँग २०६७ माघ ३ गते गरिएको कुराकानी ।

[१२] विभिन्न सञ्चारमाध्यमका सम्पादक, पत्रकार र लेखकहरूसँग गरिएको कुराकानीमा आधारित । यस्तै, मार्टिन चौतारीमा २०६७ कात्तिक ११ गते 'नेपाली मिडियामा मधेसी पत्रकारका भोगाइ र अनुभव' विषयमा भएको छलफल कार्यक्रमका केही वक्ता तथा सहभागीले पनि आफूलाई मधेस बिट हेर्न भनेर नियुक्ति दिइएको र केहीले अहिले हेरिरहेको कुरा बताएका थिए ।

## मधेस प्रदेशबारे बहस

समग्र मधेस वा एक प्रदेशको नारा २०६३ को मधेस विद्रोहकै समयदेखि लागेको हो । यस नाराले संविधानसभा निर्वाचनका बेला र पछिसम्म पनि नेपाली मिडियामा निकै स्थान पायो । संविधानसभामा विषयगत समितिका प्रतिवेदनबारे छलफल भएको समयमा पनि सङ्घीय संरचनामा मधेसमा हुने प्रदेशको नाम, नक्सा अथवा सीमालाई लिएर चर्चा तथा बहस भई नै रह्यो । मधेसका विषयले सबैजसो अखबारमा आन्दोलनको समयमा मात्र बढी चर्चा पाए । २०६४ फागुन १६ गते सरकार र मोर्चाबीच भएको आठ बुँदे सहमतिमा "मधेसी जनताको स्वायत्त मधेस प्रदेशको चाहनालगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशसहितको सङ्घीय संरचनाको आकाङ्क्षालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणराज्य हुनेछ । स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशको सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट गरिनेछ" भन्ने अपरिभाषित र अस्पष्ट भाषा प्रयोग गरिएको छ । *कान्तिपुर*मा प्रकाशित जयप्रकाश गुप्ताको लेखमा 'कसैले द्विविधा नमाने हुन्छ, स्वायत्त मधेस प्रदेश भनेकै एक मधेस-एक प्रदेश हो" भनिएको छ (गुप्ता २०६५ख) । मोर्चाको माग, सरकारसँग भएका सम्झौता र संविधानमा जेजस्तो लेखिएको भए पनि 'स्वायत्त मधेस प्रदेश' भनेको 'समग्र मधेस एक प्रदेश' अथवा 'एक मधेस एक प्रदेश' नै हो भन्ने बुझाइमा त्यसको समर्थन र विरोध गरिएका लेखहरू प्रकाशित भएका छन् ।[१३]

२०६४ फागुनदेखि २०६५ साउनसम्म छ महिना अखबारमा मधेस निकै चर्चामा रह्यो । २०६४ फागुनमा सरकार संविधानसभाको निर्वाचनको तयारीमा थियो भने तीन मधेसवादी दलहरू संयुक्त मोर्चा[१४] गठन गरी छ बुँदे माग राखेर आन्दोलनमा थिए । २०६४ फागुन १६ गते मोर्चा र सरकारबीच आठ बुँदे सहमति भयो । आन्दोलन सँगै गरे पनि मोर्चामा आबद्ध दलहरूबीच निर्वाचनमा तालमेल भने हुन सकेन । संविधानसभाको निर्वाचनपछि नयाँ सरकारको गठन, राष्ट्रपति तथा उपराष्ट्रपति र संविधानसभाका सभामुखको छनोट नहुँदै, चुनावमा निष्क्रिय देखिएको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा फेरि सक्रिय भयो । उनीहरूले आफूसँग सम्झौता हुँदाका आठ बुँदामध्ये दुईओटा बुँदा – स्वायत्त मधेस प्रदेश र नेपाली सेनामा मधेसीको समूहगत प्रवेश – लाई संवैधानिक

---

[१३] यस लेखमा पनि यी तीनओटै पदावलीलाई उही अर्थमा प्रयोग गरिएको छ । साथै, कहीँकतै छोटकरीमा 'मधेस प्रदेश' मात्र पनि भनिएको छ ।

[१४] मोर्चामा मधेसी जनअधिकार फोरम नेपाल, तराई मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टी (राजेन्द्र महतो अध्यक्ष भएको) थिए ।

रूपमा ग्यारेन्टी गर्नुपर्ने माग राख्दै सदन अवरुद्ध गरे । यस अवधिमा समाचारपृष्ठ होस् वा विचार-सम्पादकीयपृष्ठ, सबै अखबारमा सबैभन्दा बढी स्थान पाउने विषय समग्र मधेस एक प्रदेश नै भएको छ ।

## *समर्थकको कमजोर उपस्थिति*

स्वायत्त मधेस प्रदेशलाई समर्थन गर्ने मधेसवादी दलका नेताहरूका लेख र अन्तर्वार्ता विभिन्न अखबारमा प्रकाशित छन् । प्रकाशित ती धेरैजसो लेखहरू आन्दोलन, वार्ता प्रक्रिया, सम्झौता र २०६३ सालको अन्तरिम संविधानमा उल्लिखित शब्दका व्याख्यामा केन्द्रित छन्; मधेस प्रदेशको औचित्य पुष्टि गर्न तथा त्यसको आवश्यकता र महत्त्वलाई प्रस्टयाउन ती पर्याप्त छैनन् । स्वायत्त मधेस प्रदेशको विरोधमा उठेका आवाजको राम्रो जवाफ पनि ती लेख तथा अन्तर्वार्ता (उपेन्द्र यादव २०६५, गुप्ता २०६५क र २०६५ख, लाल २०६५, जितेन्द्र देव २०६५) ले दिन सकेका छैनन् । *गोरखापत्र*सँगको अन्तर्वार्तामा मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव भन्छन्, “मधेससँग भाषिक र सांस्कृतिक एकरूपता छ, भौगोलिक सुगमता छ, आर्थिक सम्भाव्यता छ, जनसङ्ख्या पनि राम्रै छ, परम्परागत इतिहास छ, त्यो भूमिलाई राज्यको रूपमा स्थापित गरे त्यसबाट आर्थिक विकास हुने र त्यसले पूरै मुलुकलाई सपोर्ट गर्छ” (उपेन्द्र यादव २०६५) । तर त्यहाँ पनि कसरी भाषिक र सांस्कृतिक एकरूपता छ भनेर प्रस्टयाइएको छैन । र, त्यसबारे पूरक प्रश्न पनि गरिएको छैन । हिमाल र पहाडमा जस्तै मधेसमा पनि जातीय, भाषिक, सांस्कृतिक र वर्गीय विविधता छ र प्रदेशको चाहना पनि फरक-फरक भएकाले समग्र मधेस एक प्रदेश व्यावहारिक नहुने तर्क यसका विरोधी (श्रेष्ठ २०६५, महर्जन २०६५, शर्मा २०६४, चालिसे २०६४, पिटर २०६४, पौडेल २०६५, पाठक २०६५, जोशी २०६५, कृष्ण पोखरेल २०६५, मानन्धर २०६५, लेखी २०६५, झमक घिमिरे २०६५, दीक्षित २०६५, ज्ञवाली २०६५, भुर्तेल २०६४, युवराज सङ्ग्रौला २०६४, कान्तिपुर २०६४) ले थुप्रै लेख तथा पाठक प्रतिक्रियामा व्यक्त गरेका छन् ।

अखबारमा भएको यस बहसमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) की सरिता गिरीको अवधारणा अरू मधेसी दलको भन्दा अलिकति फरक छ । उनी लेख्छिन्, “सङ्घीय नेपालको निर्माण देश, प्रदेश र राज्य तीन एकाइमा गरिने हो भने माथि उल्लिखित दुईओटा अवधारणा (एक प्रदेश र बहुप्रदेश) बीचको दूरीलाई समाप्त पार्न सकिन्छ” (गिरी २०६५) । अरू मधेसवादी दलले मधेस प्रदेशको मात्र कुरा गर्छन् । पहाडमा कस्तो प्रदेश हुनुपर्छ भन्नेबारे उनीहरूको

आधिकारिक धारणा आएको देखिँदैन । तर, जातीयताको आधारमा प्रदेशको विभाजन नगरेर क्षेत्र (भौगोलिक) का आधारमा हुनुपर्छ भन्ने उनीहरूको धारणा छ । भौगोलिक क्षेत्रका आधारमा हिमाल, पहाड र तराई प्रदेशलाई पहिला प्रादेशिक एकाइ र त्यस प्रदेशभित्र विभिन्न राज्य हुनुपर्छ भन्ने सरिता गिरीको तर्कले पनि मधेस प्रदेशलाई नै जोड दिन्छ ।

### *मधेस प्रदेशको विपक्षमा*

समग्र मधेस एक प्रदेशलाई समर्थन वा विरोध गरिएका लेख तथा अन्तर्वार्ता दलमा असंलग्न एक जना पनि मधेसी लेखकका प्रकाशित भएका छैनन् । *नयाँ पत्रिका*मा प्रकाशित लालबाबु यादवको लेखमा भने झण्डै आधा जनसङ्ख्या भएको तराईमा एउटा मात्र प्रदेश हुँदा राष्ट्रिय सवालमा मधेसको उपस्थिति कमजोर हुने विचार उल्लेख छ । यसै गरी मधेसमा रहेको विविध जातजाति-भाषाभाषीको मागलाई सम्बोधन गर्न पनि एक मधेस एक प्रदेश सम्भव नहुन सक्छ (लालबाबु यादव २०६५) । तर, उनको लेखको भाव मधेस प्रदेशप्रति नकारात्मक भने छैन । उनको पछिल्लो तर्कसँग मेल खाने लेख र प्रतिक्रियाको सङ्ख्या अत्यधिक छ । अखबारमा मधेस प्रदेशको विरोधमै लेखिएका लेखहरूको बाहुल्य छ ।

एक मधेस एक प्रदेशको मागसँगै स्वायत्तता र आत्मनिर्णयको अधिकारको कुरा आएको छ । सङ्घीयताकै विरोध गर्नेहरूले यसको विरोध गरे पनि सङ्घीयताका पक्षधरहरूले यो विवादको विषय नभएको बताउँछन् । आत्मनिर्णयको अधिकार र स्वायत्तताविनाको सङ्घीयताको कुनै अर्थ नहुने उनीहरू (ज्ञवाली २०६५, बराल २०६४, कृष्ण पोखरेल २०६४ र २०६५, श्रेष्ठ २०६५, युवराज सङ्ग्रौला २०६४, कुलचन्द्र वाग्ले २०६५, महर्जन २०६५, चालिसे २०६४, चन्द्रकिशोर २०६५) को तर्क छ । तर, केन्द्र र प्रान्तको अधिकारको बाँडफाँड र अधिकार कुन हदसम्म स्वायत्त हुने भन्ने कुरामा बहस हुनुपर्ने धारणा राखिएका छन् । आत्मनिर्णयको अधिकार र स्वायत्ततालाई छुट्टिएर जानेसम्मको अधिकार हुँदैन र हुनु पनि हुँदैन भन्ने कुरामा सबैजसो (जितेन्द्र देव २०६५, देव २०६४, झा २०६४, अग्रहरि २०६४, उपेन्द्र यादव २०६५, वाग्ले २०६४, शर्मा २०६४, थापा २०६४, चौरसिया २०६५, चन्द्रकिशोर २०६५, बराल २०६४) सहमत छन् ।

थारू कल्याणकारिणी सभा, थरूहट सङ्घर्ष समिति, राजवंशी समाज विकास केन्द्रजस्ता थारू तथा अन्य आदिवासी जनजाति सङ्घ-संस्थालगायत चुरेभावर एकता समाज आदिले मधेस प्रदेशको विरोधमा सडकमै विरोध प्रदर्शन गरे ।

मधेस प्रदेशको मागले थारूलगायत अन्य आदिवासी जनजाति, दलित तथा अल्पसङ्ख्यकको पहिचान समाप्त हुन सक्छ भनी थारू नेताहरूले लेखेका छन् । यसै गरी देशलाई अखण्ड राख्न पनि तराईमा एक प्रदेश हुन नहुने उनीहरूको तर्क छ । नेपालमा मधेस छैन-मधेसी समुदाय मात्र छ, मध्यदेशबाट आएकाहरूले माग्दैमा पूरै तराईलाई एक प्रदेश बनाउन नहुने उनीहरू बताउँछन् । ऐतिहासिक वा सभ्यताको आधारमा प्रदेशको विभाजन हुनुपर्ने भनी केही थारू नेताले लेखेका छन् । तराईका आदिवासी भएकाले थारूले अग्राधिकार पाउनुपर्ने उनीहरूको दाबी छ (महेश चौधरी २०६५क र २०६५ख, लेखी २०६५) । मधेस प्रदेशको विरोध गरेर लेख प्रकाशित गर्ने महेश चौधरी र राजकुमार लेखी[१५] दुवै जना नेकपा (एमाले) मा आबद्ध छन् । एमालेले मधेसवादी दलको समग्र मधेस एक प्रदेशको मागलाई अस्वीकार गरिरहेको छ। एमालेका थारू नेताले मधेस प्रदेशको अवधारणाको विरोध गर्नु स्वाभाविकै हो । भिरालो र समथर जमिन तथा वर्णको आधारमा तराई र पहाडलाई बेग्लै एकाइ मानेर प्रदेशको विभाजन हुनुपर्छ भन्ने माग गलत भएको एमाले सम्बद्ध अरू नेताहरूको लेखमा पनि आएको छ। यस अवधारणाले तराईलाई छुट्टै राष्ट्रका रूपमा स्थापित गरी नेपाललाई दुई राष्ट्रियताको महासङ्घ बनाउने उद्देश्य राख्छ भन्ने उनीहरूको विचार छ (ज्ञवाली २०६५, मानन्धर २०६५) ।

धेरै विचारविमर्शको आवश्यकता पर्ने विषयलाई आन्दोलनबाट प्राप्त गर्न खोज्नु उचित नहुने धेरैको तर्क छ (चालिसे २०६४, कृष्ण पोखरेल २०६५, श्रेष्ठ २०६५, महर्जन २०६५, वाग्ले २०६४, झा २०६४, पौडेल २०६५, जोशी २०६५) । एक मधेस एक प्रदेश सङ्घीयतासँग मेल नखाने अवधारणा हो । भाषिक, सांस्कृतिक, जातीय, धार्मिक विविधतालाई बेवास्ता गरी शक्तिशाली राज्य खोज्ने हो भने सङ्घीयता नै नचाहिने विचार राख्नेहरू थुप्रै छन् । एक मधेसले केन्द्रीकृत राज्यलाई नै निरन्तरता दिने उनीहरूको तर्क छ । सङ्घीयतामा जानु भनेको राज्य जनताको नजिक जानु पनि हो। पूर्वदेखि पश्चिमसम्मको सम्पूर्ण तराईको भूभागलाई एउटै राज्यअन्तर्गत राख्दा प्रशासकीय हिसाबले पनि सुगम नहुने उनीहरू उल्लेख गर्छन्। तर मधेसले खोजेको जातीय, भाषिक, सांस्कृतिक पहिचान, समान सहभागिता, स्वायत्तता तर्कसङ्गत र जायज भएको पनि उनीहरू (श्रेष्ठ २०६५, कुलचन्द्र वाग्ले २०६५, महर्जन २०६५, लेखी २०६५, ज्ञवाली

[१५] यस लेखको अन्तिम सम्पादन हुँदै गर्दा आदिवासी जनजाति महासङ्घका अध्यक्ष समेत रहेका लेखीको अध्यक्षतामा २०६८ जेठ १५ गते 'नेपाल नागरिक पार्टी' गठन भएको छ (नागरिक २०६८) ।

२०६५) बताउँछन् । यस्तै, केही (श्रेष्ठ २०६५, महर्जन २०६५, शर्मा २०६४, पाठक २०६५) ले मधेसमा मैथिली, भोजपुरी, अवधीजस्ता भाषिक क्षेत्र र थारूलगायत मेचे, कोचे, राजवंशी आदिको ऐतिहासिक रूपमा उपस्थिति भएकाले त्यसैको आधारमा राज्यको विभाजन गर्नु उचित हुने उल्लेख गरेका छन् । एक मधेस एक प्रदेश हुनुहुँदैन भन्ने विचार यी लेखमा अलि स्पष्टसँग आएको छ । समग्रमा भन्दा भौगोलिक अवस्था, भाषिक तथा सांस्कृतिक विविधता, प्रशासनिक सुगमता, आर्थिक तथा प्राकृतिक स्रोत-साधनको सम्भाव्यता र उपलब्धता जस्ता विविध कारणले हिमाल, पहाड वा तराई कुनै पनि क्षेत्र एक प्रदेश बन्न नसक्ने मत यी लेखमा पाउन सकिन्छ ।

'सिङ्गो तराई प्रदेश हुन नहुने कारण' शीर्षकमा *कान्तिपुर* दैनिकले सम्पादकीय नै प्रकाशित गरेको छ । सम्पादकीयमा भूगोलको आधारमा विभाजन गरिने प्रदेश स्वार्थपूर्ण र हाँस्यास्पद माग हो भनिएको छ । "देशको सीमा व्यापारका मुख्य केन्द्रहरू पर्ने त्यस्तो प्रदेश आयस्रोतका हिसाबले बलियो हुने मात्र नभई, काठमाडौं वा बाँकी देशलाई कुनै पनि विषयमा आफ्नो पकडमा राख्न सक्ने हुन्छ । भूगोलको आधारमा मात्र प्रदेश विभाजित गर्दा त्यस्तो प्रदेशभित्रको जातीय, भाषिक तथा सांस्कृतिक पहिचान र स्वाभिमान प्रमुख सवाल बन्न पुग्नेछ" (कान्तिपुर २०६४) । आन्दोलन तथा संविधानसभा अवरुद्ध भएका बेला अन्य अखबारले पनि सम्पादकीय प्रकाशन गरेका छन् । तर, ती सम्पादकीयमा मधेसमा एउटै मात्रै प्रदेश हुनुपर्छ या धेरै भन्ने विषयमा स्पष्ट धारणा भने भेटिँदैन ।

## *संविधानको प्रारम्भिक मस्यौदा र मधेस प्रदेशको बहस*

संविधानसभामा विषयगत समितिका विभिन्न प्रतिवेदनमाथि छलफल हुँदा मधेसवादी दलहरूले समग्र मधेस एक प्रदेशको सशक्त बचाउ गरेनन् । मधेसवादी दलको यो नरमपनालाई उनीहरूले बहुप्रदेश स्वीकारेको तर्क केही लेखमा गरिएको छ (दीपक चौधरी २०६६क, थपलिया २०६६क) । तर, यस समयमा मधेस प्रदेशमा मात्र केन्द्रित भएका लेखहरू भने थोरै मात्र छापिएका छन् ।

संविधानसभामा राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले १४ प्रदेशको नक्सा सहितको अवधारणा प्रस्तुत गर्‍यो ।[१६] एक मधेसको माग गरिरहेका मधेसी दलहरूले चितवनलाई नारायणी प्रदेशमा समावेश गरेर तराईमा

[१६] प्रदेशको नाम तथा राजधानी यसप्रकार छ : लिम्बुवानको इलाम, किराँतको त्रियुगा, शेर्पाको सल्लेरी, सुनकोसीको कमलामाई, ताम्सालिङको चौतारा, नेवाको काठमाडौं, मिथिला-भोजपुरा-कोच, मधेसको जनकपुर, नारायणीको भरतपुर, तमुवानको पोखरा, मगरातको तानसेन, लुम्बिनी-अवध-थारूवानको दाङ, कर्णालीको वीरेन्द्रनगर, जडानको हुम्ला, खप्तडको दिपायल ।

दुई प्रदेश बनाउनु तराईलाई भविष्यमा पनि मिल्न नदिने षड्यन्त्रको रूपमा लिए (कान्तिपुर २०६६)। मधेसले चाहना अमुक भाषा र जातिको पहिचान मात्र होइन। मधेसमा थारू, यादव, मुसलमान जो भए पनि एउटै जातिले विभिन्न ठाउँमा विभिन्न भाषा बोल्छन्। भाषाको आधारमा प्रदेशको पहिचान खोज्ने हो भने मधेसमा जिल्ला जत्रो प्रदेश हुन सक्छ भन्ने जयप्रकाश गुप्ताको मत छ। चितवनलाई नारायणी प्रदेशमा मिलाइएकोमा विमति राख्दै उनले भनेका छन्, "चितवन मधेसको भौगोलिक निरन्तरता, जनसङ्ख्याको बसोबास, प्राकृतिक सम्पदाको दृष्टिले अलग गर्न मिल्दैनथ्यो। त्यहाँ थारू समुदायको जनसङ्ख्या उल्लेखनीय छ" (गुप्ता २०६६)। अल्पमतमा रहेका जातिको नाममा प्रदेश बनाउँदा उनीहरूको स्वशासन हुन नसक्ने भएकाले तराईमा कोचिला र थरूहटको नाममा राज्य भए पनि ८ प्रतिशत कोच र ३० प्रतिशतको सङ्ख्यामा रहेका थारू समुदायको स्वशासन हुन नसक्ने भन्ने कुरामा गुप्ताले जोड दिएका छन्।

कलहरहित मधेसका लागि तराईमा बहुप्रदेश उत्तम हुने र प्रादेशिक एकाइहरू अलग भए पनि मधेस समग्रमा एउटै हो भन्ने कुरालाई संवैधानिक रूपमा मान्यता दिने हो भने अहिलेको समग्र मधेस एक प्रदेश र बहुप्रदेशको विवाद समाधान हुने धारणा पनि आएको छ (थपलिया २०६६क)। थरूहट आन्दोलनलाई मधेस विरोधीका रूपमा चित्रित गरेर मिडियाले सतही विश्लेषण गरेको केहीको ठम्याइ छ। तराई-मधेसबाट भित्रीमधेसलाई पहाडमा मिलाएर ल्याइएको प्रस्तावको विरोधमा उपेन्द्र यादव र लक्ष्मण थारूले आन्दोलनको घोषणा गरे। जसरी पनि तराईलाई विभाजन गर्न खोज्ने महेन्द्रीय नजर भएको पूर्वाग्रही केन्द्रीय मिडियाले प्राथमिकता नदिएको तर्क गरिएको छ (दीपक चौधरी २०६६ख)।

तराईमा भाषाको आधारमा मिथिला राज्यको माग राजनीतिकर्मी भन्दा पनि कलाकार र साहित्यकारहरूले गर्दै आएका थिए (चन्द्रकिशोर २०६६क)। यो १४ प्रदेशको प्रतिवेदनले उनीहरूलाई खुसी बनाएको छ। मधेस विद्रोहले तराईकेन्द्रित प्रदेशको माग गरेको थियो अहिले त्यसै अनुसारका भूभाग पाएकाले तराईमा क्षेत्रगत आधारमा प्रदेशको विभाजन गर्नुपर्छ भन्नेहरूले पनि यसलाई सकारात्मक रूपमै लिएका छन् (चन्द्रकिशोर २०६६ख)। राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रतिवेदनबारे मधेसमा फरक-फरक धारणा पाउन सकिन्छ।

थारू नेताहरूले आफूलाई आदिवासी भन्दै आएका थिए। त्यसैले आदिवासी र नवआगन्तुकलाई समान व्यवहार गर्नुहुँदैन, विशेषाधिकार आदिवासीसँग जोडिएको सवाल हो भन्ने कुरालाई उनीहरूले दोहोऱ्याएका छन् (लेखी २०६६)। तराई भूमिमा बसोबास गर्ने सबै अटाउन सक्ने तर मधेस भूमिमा मधेसीबाहेक अरू

अटाउँदैनन् भन्ने उनीहरूको धारणा छ (महेश चौधरी २०६६) । नयाँ सन्दर्भमा लेखिएका भए पनि यी लेखमा नयाँ कुरा भने खासै भेट्टाउन सकिँदैन । महेश चौधरीले आदिवासी जनजातिको प्राचीन ऐतिहासिक कुरालाई विभिन्न सन्दर्भ बनाएर ल्याएका छन् भने राजकुमार लेखीको जोड अग्राधिकार तथा समावेशीकरणमा छ ।

मधेसमा पनि पहाडमा जस्तै बहुप्रदेश हुनुपर्छ भन्ने तर्क गरिएका यी लेखहरूले मधेस प्रदेशको माग गर्नेहरूसँग धेरै प्रश्नको जवाफ खोजेका छन् । जसले समग्र मधेस एक प्रदेश हुनुपर्छ भनिरहेका छन् ती प्रश्नहरूको जवाफ उनीहरूबाटै अखबारी बहसमा ल्याउने प्रयास नगर्नु/नचाहनु वा ल्याउन नसक्नु नै यी अखबारको मुख्य कमजोरी हो । कुनै पनि अखबारमा मधेसवादी दलको धारणा प्रस्टसँग आउन सकेको छैन । समग्र मधेस एक प्रदेशको माग गर्ने दलका नेताहरू विभिन्न बहसमा सहभागी नभएका भने होइनन्, तर उनीहरूका धारणा अस्पष्ट र अपुग छन् । *कान्तिपुर*मा जयप्रकाश गुप्ताका दुईओटा लेख (गुप्ता २०६५क, गुप्ता २०६५ख), जितेन्द्र देवको एउटा लेख (जितेन्द्र देव २०६५), वृषेशचन्द्र लालको एउटा लेख (लाल २०६५) र *गोरखापत्र*मा उपेन्द्र यादवको एउटा अन्तर्वार्ता (उपेन्द्र यादव २०६५) प्रकाशित छन् । *नयाँ पत्रिका*मा मधेस प्रदेशलाई समर्थन गरिएर लेखिएको कुनै पनि लेख तथा अन्तर्वार्ता प्रकाशित छैन । यसरी हेर्दा *कान्तिपुर*को तुलनामा *नयाँ पत्रिका* र *गोरखापत्र*मा एकपक्षीय विचारहरू बढी छापिएका छन् । *नयाँ पत्रिका* र *गोरखापत्रमा* मधेसवादी दलको माग र आन्दोलनलाई ठाडो आक्षेप लगाइएका लेखहरू छापिएका छन् (पौडेल २०६५, शर्मा २०६४, थापा २०६४, नेपाल २०६६) । *नयाँ पत्रिका*मा प्रकाशित एउटा लेखमा छ, "लोकतन्त्रको बहालीलगत्तै विभिन्न साम्प्रदायिक नारा उठाएर केही उग्रवादी समूह सडकमा निस्किएका थिए । सोझा मधेसी जनता बहकिएर उनीहरूकै पछि लागे । सञ्चारमाध्यमले तिनीहरूलाई उचाले । कथित बुद्धिजीवीले मलजल गरे । र, विदेशी उक्साहटमा भएको विखण्डनकारी अभियानले आन्दोलनको रूप लियो" (पौडेल २०६५) । *कान्तिपुर*ले सम्पादकीय नै लेखेर एक मधेस प्रदेशको विपक्षमा उभिए पनि उसले त्यसका समर्थकहरूको विचार पनि छापेको छ । तर, *नयाँ पत्रिका* र *गोरखापत्र*को तुलनामा *कान्तिपुर*मा यस विषयमा सामग्री बढी नै प्रकाशित भएकाले समर्थनका थारै मात्र विचार छापिनुलाई पर्याप्त मान्न भने सकिँदैन ।

अखबारमा छापिएका समाचार र केही लेखका धारणालाई आधार मानेर अन्य केहीले आफ्ना विचार व्यक्त गरेका छन् । त्यसैले समग्र मधेस एक प्रदेशको

सन्दर्भमा आएका कतिपय विचार अँध्यारोमा झटारो हाने जस्ता छन् । यदि मधेस प्रदेशको सन्दर्भमा मधेसवादी दलहरूको तर्क कमजोर हो भने पनि उनीहरूको विचार आउनुपर्ने हो । समाचारमा पनि समग्र तराई एउटै प्रदेशको आवश्यकता किन छ ? आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, ऐतिहासिकताको आधारमा यो कसरी सम्भव छ ? फरक पहिचानको प्रश्न पनि उठिरहेको छ, मधेसमा पनि विविध विचार तथा चाहनाहरू छन्, ती सबैलाई समेटेर कसरी लान सकिन्छ ? त्यहाँ बस्ने पहाडी, थारूलगायत अन्य आदिवासी जनजातिको अवस्था के हुने ? केन्द्र र प्रदेशको सम्बन्ध कस्तो हुने ? अन्य प्रदेशसँगको सम्बन्ध कस्तो हुने ? यी प्रश्नहरूमा मधेस प्रदेशका समर्थक दलहरूको स्पष्ट धारणा पाइएन । मधेसवादी दलहरू समग्र मधेस एक प्रदेशमा अडिग छन् भन्ने खालका समाचार मात्र आइरहे । अखबारीय बहस पनि प्रदेशको नामाङ्कन र सीमाभन्दा खासै अघि बढेको पाइएन ।

## हिन्दी भाषा विवाद

तराईलाई आधार बनाएर राजनीति गर्ने दलले हिन्दी भाषालाई नेपाली भाषासरह मान्यता दिनुपर्ने माग हिजोआज मात्र उठाएका होइनन् । २००७ सालको परिवर्तनपछि पनि संविधासभाको निर्वाचन हुने र निर्वाचित संस्थाले नै संविधान बनाउने चर्चा थियो । त्यसबेला पनि राष्ट्रभाषाको टुङ्गो निर्वाचित संविधानसभाले लगाउनुपर्छ र नेपाली भाषासँगै हिन्दीलाई पनि राष्ट्रभाषाको रूपमा मान्यता दिनुपर्छ भन्ने आवाज उठेको थियो । २०१५ सालको निर्वाचनमा सहभागी भएको तराई काँग्रेसले पनि यसलाई एउटा राजनीतिक सवालका रूपमा उठाएको थियो (गेज सन् १९७५ : १०८-१३५) । यस विषयमा अन्य दलहरू भने विभाजित थिए ।[१७] हिन्दी भाषाको पक्षमा बोल्नेहरूलाई अहिले जस्तै त्यतिबेला पनि साम्प्रदायिक सवाल उठाएर स्वार्थ सिद्ध गर्ने कुचेष्टा गरेको, विदेशीको चाकरी गरेको, देशद्रोही जस्ता आरोप लागेको भनी अखबारमा आएका थिए । यस विषयमा

---

[१७] त्यस समयमा तराईमा पहाडी क्षेत्रका मानिसहरूको बसोबास कम भएकाले तराईमा सञ्चालन गरिएका सबै विद्यालयमा शिक्षाको माध्यम भाषाको रूपमा हिन्दी प्रयोग हुन्थ्यो । पाठ्यपुस्तक तथा पाठ्यक्रम सबै भारतीय नै थिए (पंगेनी २०५८) । फ्रेडरिक एच. गेजले आफ्नो पुस्तक *रिजनालिज्म एन्ड नेसनल युनिटी इन नेपाल*मा हिन्दीलाई तराईमा महत्त्वपूर्ण (दोस्रो) भाषाको रूपमा लिएका छन् । अन्तरभाषिक समूहसँग सम्पर्क गर्न बजारको भाषाका रूपमा हिन्दीको प्रयोग भइरहेको थियो । सन् १९६१ मा तराईका कम्तीमा ६३ प्रतिशत नागरिकले हिन्दीलाई पहिलो र दोस्रो भाषाका रूपमा प्रयोग गरिरहेको उनले अनुमान गरेका थिए (गेज सन् १९७५) ।

*राष्ट्रवाणी* साप्ताहिकमा प्रकाशित राष्ट्रिय गोरखा परिषद्का महामन्त्री भरत शमशेरको धारणा यस्तो थियो :

> नेपालको राष्ट्रभाषा हिन्दी हुनुपर्छ भन्ने बेजिम्मेवार तर्क श्री मातृका या विश्वेश्वर कोइरालाजी जस्ताको विचारको नयाँ धार होइन । जसले संयुक्त राष्ट्रसङ्घमा नेपालको सदस्यता प्राप्तीको विरोध गरे, जसले भारतीय समाजवादी दलको सदस्य भएर भारतीय विधान सभामा नेपालले दुई सिट पाउनुपर्छ भन्ने दलिल पेस गरे, जसले नेपालको सीमाभित्र पन्ध्र माइलसम्म विदेशी पल्टन ल्याउने सम्झौतामा हस्ताक्षर गरे, जसको पालामा विदेशी सल्लाहकार र राजदूत नेपालको मन्त्रिमण्डलको बैठकमा सामेल गराइए, जसले आफ्नो देशको परराष्ट्र नीति, रक्षा र आर्थिक व्यवस्था विदेशसँग समन्वित गर्ने वक्तव्य दिए: तिनैले आज हिन्दी भाषा नेपालको राष्ट्रभाषा होस् भन्ने माग गर्दा अर्को नयाँ नेपाली नागरिक मिर्जाफर जयचन्द्रमा क्विजलिङ्ग निक्ल्यो भनी जनतामा खेद पैदा हुनुपर्ने त केही छैन । तथापि नेपालको राष्ट्रभाषा जस्तो महत्त्वपूर्ण कुरामा हरेकको विचार स्पष्ट जान्न जनता चाहन्छ (पंगेनी २०५८ : ९४-९५मा उद्धृत) ।

२००७ सालपछि पनि संविधानसभाको निर्वाचन नभई संसद्को निर्वाचन भयो । त्यस निर्वाचनमा तराई काँग्रेसको घोषणापत्रमा मात्रै नेपाली जस्तै हिन्दीलाई पनि राष्ट्रभाषा बनाउनुपर्छ भन्ने थियो । अरू दलहरूले राष्ट्रभाषा नेपाली नै हुनुपर्छ भने । नेपाली काँग्रेसले क्षेत्रीय भाषाहरूको रक्षा र संवर्द्धन हुनपर्छ भने पनि हिन्दी भाषाको बारेमा छुट्टै केही पनि लेखेन । नेपाल कम्युनिस्ट पार्टीले हिन्दी लगायत स्थानीय भाषालाई शिक्षाको माध्यम भाषा बनाइने उल्लेख गऱ्यो (पंगेनी २०५८ र देवकोटा २०३६[२०१६]) । उग्र केही राष्ट्रवादीहरूबाट भारत तथा हिन्दीको चर्को विरोध हुन थालेपछि नै हुनुपर्छ २०१५ को निर्वाचनको समयसम्म आइपुग्दा नेपालमा हिन्दी भाषाको महत्त्व देख्ने काँग्रेस तथा कम्युनिस्ट पार्टीका नेताहरूले यस विषयलाई त्यति महत्त्व दिएनन् ।

२०४६ सालपछि नेपाल सद्भावना पार्टी तथा २०६३ पछि मधेसी जनअधिकार फोरमलगायत सबैजसो मधेसवादी दलले हिन्दी भाषालाई आफ्नो मुख्य एजेण्डामध्ये एक मान्छन् । उनीहरूले मधेस आन्दोलनका बेला सरकारसँग वार्ताका लागि उठाएका मागहरूमध्ये हिन्दी भाषालाई नेपाली भाषासरह मान्यता दिनुपर्ने भन्ने पनि थियो । संविधानसभाको निर्वाचनपछि यी दलका नेताहरूले सदनमा हिन्दी भाषा नै बोल्ने गरेका छन् । हिन्दी तराई र पहाडबीचको पनि सम्पर्क भाषा हो भन्ने उनीहरूको पुरानै दाबी हो (यादव २०५४, गुप्ता र अरू २०६०) । तर

यसले नेपाली मिडियामा बहस हुने मौका भने पाएको थिएन । मधेसी जनअधिकार फोरमबाट उपराष्ट्रपतिमा निर्वाचित परमानन्द झाले हिन्दीमा सपथ लिएर यसलाई फेरि नेपाली मिडिया र नेपाली राजनीतिमा बहसको विषय बनाइदिए । संविधानसभामा विषयगत समितिको प्रतिवेदनमाथि छलफल भएको समय (२०६६ जेठ-माघ) मा पनि भाषाको विषयमा बहस भएको पाइन्छ ।

### *उपराष्ट्रपतिको सपथ प्रकरण*

२०६५ साउन ८ गते उपराष्ट्रपति परमानन्द झाले राष्ट्रपति रामवरण यादवसमक्ष हिन्दी भाषामा सपथ लिए । भोलिपल्ट अखबारहरूमा राष्ट्रपति र उपराष्ट्रपतिको सपथको समाचार प्रकाशित भयो । ती समाचारमा धोती कुर्तामा सजिएका उपराष्ट्रपतिले हिन्दीमा सपथ लिएको जानकारी मात्र छ । त्यसलाई विशेष महत्त्व कुनै पनि अखबारले दिएका छैनन् । उपराष्ट्रपतिले हिन्दीमा लिएको सपथको विरोधमा विशेषतः आठ विद्यार्थी सङ्गठन[१८]बाट प्रदर्शन, जुलुस, पुत्ला दहन हुन थालेपछि त्यसलाई सबै अखबारले महत्त्वका साथ समाचार प्रकाशित गरे । यसै विषयमा पाठकपत्र तथा लेखहरू पनि थुप्रै प्रकाशित भएका छन् । *कान्तिपुर*ले *गोरखापत्र* र *नयाँ पत्रिका*का तुलनामा पाठकपत्रका लागि बढी स्थान छुट्ट्याएकाले पनि हुनुपर्छ *कान्तिपुर*मा यस्ता पाठक प्रतिक्रियाहरू धेरै नै छापिए । तर *नयाँ पत्रिका*मा *कान्तिपुर*को भन्दा कम स्थान भए पनि त्यस्ता प्रतिक्रियालाई धेरै ठाउँ दिइएको छ । तुलनात्मक रूपमा सबै पत्रिकामा लेखको सङ्ख्या भने कम छ ।

अध्ययनमा समेटिएका तीनओटै पत्रिकामा उपराष्ट्रपतिले हिन्दीमा सपथ लिएपछि सपथको समर्थनमा लेख प्रकाशित भएका छैनन् । एक-दुईओटा पाठकपत्रहरू भने प्रकाशित छन् । *नयाँ पत्रिका*मा परमानन्द झाको एउटा अन्तर्वार्ता (परमानन्द झा २०६५) बाहेक अरू कसैको अन्तर्वार्ता पनि प्रकाशित छैन । झाको अन्तर्वार्तामा पनि भाषाको कुरा थोरै छ भने उनको बाल्यकाल, शिक्षा, जागिरजस्ता व्यक्तिगत कुराहरू बढी मात्रामा उठाइएको छ ।

हिन्दी भाषालाई समर्थन गर्ने पाठकपत्रहरूमा नेपाल सङ्घीय हुने निश्चित भइसकेकाले एकात्मकवादी सोच त्याग्नुपर्ने, विविधता र मधेसको वास्तविकतालाई स्वीकार्नुपर्ने तर्क गरिएको छ । अहिले भइरहेको विरोध 'एक भाषा, एक भेष' को महेन्द्रीय राष्ट्रवादभन्दा माथि उठ्न नसकेको उनीहरूको ठम्याइ छ । नेपालमा

---

[१८] मधेसवादी दलका विद्यार्थी सङ्गठनबाहेक नेपाली काँग्रेस, एनेकपा (माओवादी), नेकपा (एमाले) लगायतका प्रमुख राजनीतिक दलसँग निकट विद्यार्थी सङ्गठनहरू ।

हिन्दी भाषाको सम्बन्ध विभिन्न किसिमले पहिलेदेखि अहिलेसम्म रहेकाले यसलाई नेपाल र नेपालीबाट पूर्णरूपमा पृथक् गर्न नमिल्ने केहीको तर्क छ (शर्मा २०६५) । यस्तै, हिन्दीले तराई तथा नेपालमा सम्पर्क भाषाका रूपमा काम गरिरहेको (सिंह २०६५) तर त्यसलाई संवैधानिक मान्यताको आवश्यकता नभएको तर्क गर्नेहरू (रामनारायण देव २०६५) पनि छन् । हिन्दी भाषालाई सम्पर्क भाषाको मान्यता दिनुपर्छ भन्नेहरूले तराईमा थोरैले हिन्दी बोले पनि ८० प्रतिशतभन्दा धेरैले बुझ्छन्, मधेसमा सहरबजारका बासिन्दा र पढेलेखेकाले नेपाली भाषा बुझे पनि गाउँका धेरै मधेसीले नेपाली बुझ्दैनन् भन्ने तर्क गरेका छन् । यस्तै, हिन्दी भाषा तराईमा मात्र सम्पर्क भाषा नभएर तराई र पहाडबीचको पनि सम्पर्क भाषा हो भनिएको छ (खड्गा २०६५) ।

अखबारमा हिन्दी भाषामा उपराष्ट्रपतिको सपथको विरोधस्वरूप लेखिएका लेख र पाठक प्रतिक्रियाहरूमा मुख्य गरी तीनओटा पक्षलाई उठाइएको छ । पहिलो, उपराष्ट्रपतिको शपथको संवैधानिक वैधता; दोस्रो, अरू स्थानीय भाषा वा मातृभाषाको अस्तित्वको प्रश्न; र तेस्रो, राष्ट्रियता र सार्वभौमिकताको सवाल ।

२०६३ सालको अन्तरिम संविधानमा 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन्' भनिएको छ । यसरी हेर्दा हिन्दी पनि नेपालको राष्ट्र भाषा हो ।[१९] नेपाली राष्ट्र भाषाका साथै सरकारी कामकाजको भाषा पनि हो । तर, अखबारहरूले २०४७ सालको संविधानमा व्यवस्था भएको 'राष्ट्र भाषा' र 'राष्ट्रिय भाषा' लाई आधार मानेर समाचार बनाएका छन् । किनभने २०६३ सालको संविधानमा यसरी राष्ट्र भाषा र राष्ट्रिय भाषा भनी छुट्ट्याइएको छैन । 'राष्ट्र भाषा' र राष्ट्रिय भाषा' को प्रयोगमा पनि एकरूपता छैन । उही कुरा बुझाउन कतै 'राष्ट्र भाषा' र कतै 'राष्ट्रिय भाषा' भनिएको छ । लेख, पाठकपत्र र समाचारमा सबैतिर यही अवस्था छ । उपराष्ट्रपतिको सपथ असंवैधानिक भयो भन्नेहरू नेपालको अन्तरिम संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिले लिने सपथको ढाँचा नेपालीमा भएको र सरकारी कामकाजको भाषा नेपाली हुनेछ भनेर प्रस्टसँग उल्लेख भएकाले त्यो असंवैधानिक भयो भन्छन् । यो भाषाको विवाद नभएर संवैधानिक विवाद मात्र भएको भए पत्रिकामा यस्तो बहसको आवश्यकता पर्ने थिएन । मुद्दा सर्वोच्च अदालतमा दर्ता भइसकेको थियो । सर्वोच्चको फैसलालाई पर्खिए भैहाल्थ्यो ।

---

[१९] सन् २००१ को जनगणनाअनुसार नेपालमा १ लाख ५ हजार ७६५ जनाको मातृभाषा हिन्दी हो । नेपालमा बोलिने ९२ भन्दा बढी भाषामध्ये सङ्ख्याका हिसाबले यो नेपालको १६ औँ स्थानमा पर्न आउँछ (सीबीएस सन् २००३) ।

मातृभाषा पक्षधरहरूको तर्क अलि बलियो देखिन्छ । लादिएको नेपाली भाषाबाट मुक्त हुन खोज्दै गरेका मधेसका स्थानीय भाषीमाथि अर्को प्रभुत्वशाली भाषा लाद्न खोज्नु ठीक होइन भन्ने उनीहरूको तर्क छ । यसले स्थानीय भाषाको विकासमा अवरोध गर्छ । साथै, मधेसी जनताको भाषिक पहिचान समाप्त हुने उनीहरूको विचार छ (साह २०६५, प्रेमर्षि २०६५, रामचन्द्र झा २०६५, अमरेन्द्र यादव २०६५) ।

विशेष गरी *कान्तिपुर* र *नयाँ पत्रिका*मा उपराष्ट्रपतिको शपथबारे असन्तुष्टि पोखिएका थुप्रै पाठकपत्रहरू प्रकाशित छन् । यी दुई पत्रिकाको तुलनामा *गोरखापत्र*मा पाठकपत्र वा प्रतिक्रिया कमै मात्र प्रकाशित छन् । *नयाँ पत्रिका* र *कान्तिपुर*ले यस विषयलाई *गोरखापत्र*भन्दा बढी नै महत्त्व दिएका छन् । धेरै पत्रमा हिन्दी भाषामा लिइएको शपथले मातृभाषा (मैथिली) तथा नेपाली भाषाको अपमान गरेको, त्यसले चित्त दुखेको, मनमा चोट परेको, र मातृभाषा फैलाऔँ भन्ने विचार तथा प्रतिक्रियाहरू आएका छन् । थुप्रै पाठकपत्रमा नेपाली भाषाको अवहेलना गर्दै हिन्दी भाषामा सपथ ग्रहण गरेर नेपालको सार्वभौमिकता तथा अखण्डता र राष्ट्रियता सङ्कटमा परेको लेखिएका छन् । यस्तै, विदेशीको पक्षपोषण गर्न उपराष्ट्रपतिले हिन्दीमा शपथ लिएको, नेपालीको स्वाभिमानमा चोट पार्ने काम गरेको जस्ता पत्रहरू (लुइँटेल २०६५, देवकोटा २०६५, भ्रमण दाहाल २०६५, परदेशी कान्छा २०६५, दीपककुमार देव २०६५, ठाकुर २०६५, अधिकारी २०६५, थापा क्षेत्री २०६५) प्रकाशित छन् । केही लेखमा सार्वभौमिकता र राष्ट्रिय अखण्डताको कुरा उठाइएको छ । तर ती लेख पनि विदेशी भाषा भन्ने आरोपको घेराबाहिर जान सकेका छैनन् ।

२००७ सालतिर पनि स्थानीय मातृभाषाको कुरा केही मात्रामा उठेको थियो । अहिलेको मातृभाषाको बहस केही व्यवस्थित देखिन्छ । २००७ सालपछि भएको भाषा विवादको सन्दर्भमा सीके लाल भन्छन् :

> त्यसबेला मधेसमा बस्ने कतिपय पहाडियाहरू र राजनीतिक दलका नेताहरू पनि यसको पक्षमा थिए । हिन्दीलाई नेपाली सँगसँगै लग्यो भने यसले राष्ट्रलाई जोड्छ भन्ने थियो । अर्थात्, त्यसबेला यो राष्ट्रिय सवालका रूपमा थियो । २०१७ सालसम्म हिन्दी एउटा वैकल्पिक भाषाको रूपमा स्थापित हुने अवस्थामा पुगिसकेको थियो । रेडियो नेपालबाट हिन्दी भाषामा समाचार प्रसारण हुन्थ्यो भने सरकारका कतिपय वक्तव्यहरू नेपाली सँगसँगै हिन्दीमा पनि प्रकाशित हुन्थे । जब मधेस अधिकारको कुरा आउन

> थाल्यो, मधेसको भाषाको रूपमा हिन्दीलाई जोड्न थालियो त्यसपछि यो सवाल बलियो हुनुको साटो कमजोर भयो ।[२०]

सीके लालका अनुसार हिन्दी भाषाको विरुद्धमा नेपालका मातृभाषाहरूलाई अगाडि ल्याउने पञ्चायतको अघोषित नीति थियो । विभिन्न मातृभाषाका समूहहरू निर्माण गर्न तत्कालीन अञ्चलाधिशहरूको अप्रत्यक्ष भूमिका रहन्थ्यो । उपराष्ट्रपतिको निर्वाचनपछि मातृभाषाको पक्षमा आएका विचारहरू पञ्चायत कालकै परिष्कृत रूप हुन् ।

यातायातको विकास, शिक्षा र सूचनाको प्रसार तथा लेनदेन कारोबारको सघनताबाट नेपाली भाषा तराई-मधेसको समेत सम्पर्क भाषाका रूपमा विकास भइसकेको भनी खगेन्द्र सङ्ग्रौलाले लेखेका छन् (सङ्ग्रौला २०६५क र २०६५ख) । भारतमा मिथिला राज्यको माग बढिरहेको र नेपालमा मिथिला भाषा समृद्ध भयो भने विहार टुक्रेर छुट्टै राज्य हुने खतरा बढ्ने भारतको बुझाइ भएकाले भारत मैथिली भाषालाई दबाउन चाहन्छ भन्ने रामचन्द्र झाको तर्क छ । उनी भन्छन्, "हिन्दी भारतीयका लागि स्वतन्त्रताको भाषा हुन सक्छ, तर नेपालीका लागि गुलामीको भाषा हो" (रामचन्द्र झा २०६५) । धीरेन्द्र प्रेमर्षिका अनुसार हिन्दी भाषाले भारतीय पहिचान बोक्छ । उनी पनि अरू मातृभाषाको पक्षमा तर्क गर्नेहरू जस्तै हिन्दीको प्रयोगलाई तराईवासीको अस्तित्व भारतीय पहिचानमा डुबाउने विसङ्गतिपूर्ण छ भन्छन् । उनको प्रश्न छ, "शपथग्रहण भनेको स्वयंसँग संवाद स्थापित गर्नु हो । यो आफूसँगको करारमा सम्पर्क भाषाका नाममा पराई भाषाको अनिवार्यता किन" (प्रेमर्षि २०६५) ?

अध्ययनमा समेटिएका तीनओटै पत्रिकामा कतिपय लेखका भाषा ठाडो तथा चर्को छन् । *नयाँ पत्रिका*मा प्रकाशित लेखमा प्रदीप नेपाल लेख्छन्, "मैले हिन्दीभाषी उपराष्ट्रपतिलाई बहिष्कार होइन, तिरस्कार नै गर्न खोजेको हुँ" (नेपाल २०६५) । यस्तै, *गोरखापत्र*मा प्रकाशित पुष्कर माथेमाको 'उपराष्ट्रपतिको हिन्दी मोह : बूढी मरीभन्दा पनि काल पल्केला भन्ने चिन्ता' शीर्षकको लेखको एउटा अंश हेरौँ :

> हिन्दी भाषालाई राष्ट्रभाषाका रूपमा अपनाइरहेको देशले हाम्रो तेन्जिङलाई आफ्नो बनायो, हाम्रो बुद्धलाई आफ्नो भन्ने भ्रम विश्वमा फैलाइरहेको छ, हाम्रो भूमिलाई ६०

---

[२०] सीके लालसँग २०६७ माघ ३ मा गरिएको कुराकानी ।

> भन्दा बढी स्थानमा अतिक्रमण गरेको छ, उपराष्ट्रपति जस्तो राष्ट्रलाई एकताबद्ध बनाउन जिम्मेवार पदधारण गर्ने व्यक्तिलाई पनि हिन्दी भाषा नै रटाउन लगाएर उहाँलाई 'सुगा' बनाउन खोजेको त होइन भन्ने प्रश्न आज जन्मेको छ (माथेमा २०६५)।

सबै अखबारमा 'उपराष्ट्रपति झाको सर्वत्र विरोध' (गोरखापत्र २०६५क), 'हिन्दीमा शपथको सर्वत्र विरोध' (कान्तिपुर २०६५ख), 'उपराष्ट्रपतिको देशभर विरोध' (नयाँ पत्रिका २०६५) जस्ता शीर्षकमा समाचार आइरहे। तर विरोध प्रदर्शनका क्रममा भएका कतिपय उच्छृङ्खल र तोडफोडका घटना तथा क्षतिका समाचार भने पत्रिकामा प्राथमिकतासाथ छापिएको देखिएन। साउन १३ गते मधेसी जनअधिकार फोरम नेपालको कार्यालयमा तोडफोड समेत भयो। 'उपराष्ट्रपतिलाई वर्णमाला' (कान्तिपुर २०६५ग) जस्ता शीर्षकका समाचार प्रदर्शनकारीलाई झन् हौस्याउने खालका छन्। यस्तै, अखबारमा प्रकाशित केही पाठकपत्रमा पनि विरोध पुगेको छैन, अझै विरोध हुनुपर्छ भन्ने भाव पाइन्छ (आचार्य २०६५, सृजन पोखरेल २०६५, मोहन थापा २०६५, थापा क्षेत्री २०६५)। तीमध्ये *नयाँ पत्रिका*मा प्रकाशित एउटा पाठकपत्रमा लेखिएको छ, "उपराष्ट्रपतिले हिन्दी भाषामा शपथ लिएको विषयले अहिले हङ्गामा मच्चाएको छ। मलाई लाग्छ, यो अझै कम छ" (सृजन पोखरेल २०६५)।

उपराष्ट्रपतिको विरोधमा भएको प्रदर्शन अराजक भएपछि साम्प्रदायिक सद्भाव कायम राख्नका लागि संविधानसभाले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित गरेको समाचार अखबारले प्रकाशित गरेका छन् (कान्तिपुर २०६५घ, गोरखापत्र २०६५ख)। त्यति बेलासम्म पनि ती प्रदर्शनले साम्प्रदायिक सद्भाव बिथोल्न सक्छ भन्ने दृष्टिकोणबाट पत्रिकामा कुनै किसिमका सामग्री आएनन्। संविधानसभाबाट यस्तो प्रस्ताव आउनुअघि पत्रिकाले साम्प्रदायिक सद्भाव कायम गर भनेर सम्पादकीय पनि प्रकाशित गरेका छैनन्। राज्यको विरोधमा त्यस्तै प्रकृतिको प्रदर्शन मधेसमा हुँदा भने अखबारहरू यस्ता कुरामा सरकारसँग वार्ता गर, साम्प्रदायिक सद्भाव (कायम रहोस्) नखल्बलियोस् भनेर सम्पादकीय प्रकाशित गर्न सरकार र संसद्भन्दा अगाडि नै हुन्थे।

## *सर्वोच्च अदालतको फैसलाको विरोध र मातृभाषाको समर्थन*

सर्वोच्च अदालतले उपराष्ट्रपति झालाई पुन: नेपाली भाषामा सपथ लिन आदेश दिँदै त्यसो नगरे उनको पद निष्क्रिय हुने फैसला गऱ्यो। झाले पुन: शपथ

लिनुपरे आफ्नो मातृभाषामा महिनैपिच्छे लिन पनि तयार तर नेपाली भाषामा भने नलिने बताए । त्यसपछि मातृभाषाका समर्थक आदिवासी-जनजातिहरूले झालाई साथ दिए । भाषिक संयुक्त सङ्घर्ष समितिका प्रतिनिधिले उपराष्ट्रपति झालाई मातृभाषामा शपथग्रहण गराइयोस् भनेर राष्ट्रपति र प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने काम पनि गरे (तुलाधर २०६६ र तामाङ २०६६) ।[२१]

२०५४ सालमा विभिन्न स्थानीय निकायहरूले आफ्नो कार्यालयमा स्थानीय भाषा प्रयोग गर्ने भन्ने निर्णयविरुद्ध २०५६ सालमा सर्वोच्च अदालतले फैसला गरेको थियो ।[२२] उपराष्ट्रपतिको सन्दर्भमा पनि अदालतले त्यस्तै 'प्रतिगामी' फैसला गऱ्यो भन्ने केहीको आरोप छ (तुलाधर २०६६, तामाङ २०६६, अमरेन्द्र यादव २०६६) । उपराष्ट्रपतिले नेपालीमा लेखिएको शपथलाई हिन्दीमा उल्था गरेर पढेका थिए तर उनले नेपालीमा लेखिएको शपथपत्रमा नै हस्ताक्षर गरेका थिए । लिखितलाई मात्र प्रमाण मान्ने सर्वोच्चले झाले नेपालीमा गरेको लिखित हस्ताक्षरलाई प्रमाण नमानेको उनीहरूले गुनासो गरेका छन् (तुलाधर २०६६, तामाङ २०६६) । अहिलेको अन्तरिम संविधानअनुसार हिन्दी पनि नेपालको राष्ट्रभाषा हो । हिन्दीलगायत सबै मातृभाषामा शपथ लिँदा हुन्छ । यस्तै, उनले मधेसी आन्दोलनको प्रतिनिधित्व गर्दै हिन्दीमा शपथ लिएका हुन् । आन्दोलन र विद्रोहले कतै पनि संविधान-कानुन मान्दैन । नेपाल बहुभाषी मुलुक हो, सबै भाषा समान हुन् भनेर संविधानमा लेखिएको कुरालाई अदालतले नमानेको पद्मरत्न तुलाधरले लेखेका छन् (तुलाधर २०६६) । पछिल्लो संशोधन हुनुभन्दा अगाडि अन्तरिम संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको शपथको ढाँचामा उल्लेख भएको भाषा मात्र नेपाली भाषामा लेखिएको छ तर त्यहाँ कतै पनि राष्ट्रपति वा उपराष्ट्रपतिले नेपाली भाषामा मात्र शपथ लिन पाउँछन् भन्ने कुरा उल्लेख छैन

---

[२१] यसपछि मातृभाषामा शपथ लिन पाउने गरी संविधानमा संशोधन गरियो र उपराष्ट्रपति झाले मातृभाषा मैथिली र नेपालीमा पुनः शपथ लिएपछि उनको पद सक्रिय भयो (शर्मा २०६६) ।

[२२] २०५४ सालको स्थानीय निर्वाचनमा काठमाडौँ महानगरपालिकाको मेयरमा केशव स्थापित र उपमेयरमा विदुर मैनाली विजयी भएपछि २०५४ साउन १० मा कामपामा द्वैभाषिक नीति लागू गर्ने निर्णय गरियो । कामपाको उक्त निर्णयपछि ललितपुर, भक्तपुर, ठिमी, कीर्तिपुर, राजविराज नगरपालिका तथा धनुषा जिविसले पनि आफ्नो कामकाजी भाषा बनाउने निर्णय गऱ्यो । कामपाको द्वैभाषिक नीति संविधान विपरीत छ भनेर सर्वोच्चमा मुद्दा हालियो । २०५४ चैत ६ मा कामपामा नेवारी भाषा प्रयोग नगर्नू/नगराउनू भनी सर्वोच्चले अन्तरिम आदेश जारी गऱ्यो । त्यसपछि अरू नगरपालिका, जिविस र स्थानीय विकास मन्त्रालयविरुद्ध अर्को मुद्दा दायर भयो । त्यसपछि २०५६ जेठ १८ मा संविधानको धारा ६ उपधारा १ मा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने उल्लेख भएको र नगरपालिका पनि श्री ५ को सरकारकै एउटा अङ्ग भएकाले स्थानीय भाषा प्रयोग नगर्नू भन्ने फैसला सुनायो (लामा २०५८) ।

(युएनडीपी २०६५) । त्यसैले पनि सर्वोच्च अदालतले पूर्वाग्रही र अलोकतान्त्रिक निर्णय गऱ्यो भन्नेहरूको तर्क पनि बलियो देखिन्छ ।

हिन्दी मधेसको सम्पर्क भाषा भएको कुरालाई रामदयाल राकेश (२०६६) ले 'निर्वाचनको समयमा आ-आफ्ना पक्षमा हिन्दीमै भाषण गरेर मधेसीहरूसँग भोट माग्ने लामो परम्परालाई उदाहरण बनाएका छन्। पञ्चायतकालमा 'एउटै भाषा, एउटै भेष' को नीतिलाई प्राथमिकता दिए पनि मधेसले नेपालीलाई आत्मसात् गर्न सकेको छैन। अहिले हिन्दी भाषालाई नेपालमा सम्मानपूर्वक स्थान दिने हो भने नेपालको राष्ट्रियता, सार्वभौमिकता र सम्प्रभुतालाई, आघात पुऱ्याउँछ, सिक्किमीकरण र भुटानीकरण गर्छ भन्ने गलत धारणा नेपालका केही बौद्धिक वर्गमा भएको उनले उल्लेख गरेका छन् (राकेश २०६६) । सरकारी कामकाजको भाषा र सम्पर्क भाषाको विवादको हलका रूपमा भाषावैज्ञानिक दृष्टिले हेर्दा सम्पर्क भाषा (हिन्दी) लाई पनि सरकारी कामकाजको भाषा बनाउँदा समस्या हल हुने प्राध्यापक योगेन्द्रप्रसाद यादवको धारणा छ। एक प्रतिशतभन्दा कम मात्र भारतीयहरूको मातृभाषा अङ्ग्रेजी भए पनि अङ्ग्रेजीलाई त्यहाँ धेरैले सम्पर्क भाषाको रूपमा प्रयोग गर्ने भएकाले भारतमा अङ्ग्रेजी सरकारी कामकाजको भाषा भएको उनले बताएका छन्। मधेसमा हिन्दी, पहाडमा नेपाली र हिमालमा तिब्बती भाषालाई सम्पर्क भाषाको रूपमा राख्न सकिने उनको धारणा छ (योगेन्द्रप्रसाद यादव २०६६क, २०६६ख) ।

मातृभाषा र राष्ट्रभाषाको सन्दर्भमा परशुराम तामाङको धारणा अरूको भन्दा केही भिन्न छ। राष्ट्रभाषा हुनलाई उक्त भाषामा उत्पत्ति भएको, केन्द्रीयता भएको, आफ्नै भूगोल र ऐतिहासिकता भएको हुनुपर्ने उनले बताएका छन्। उनका विचारमा, "भारतमा ठूलो वक्ता भएको मैथिली, भोजपुरी, हिन्दी, बज्जिका र अवधी भाषा पनि यहाँ बोलिन्छन्। यहाँ मैथिली, भोजपुरी, बज्जिका, र अवधीको आफ्नै भूगोल र इतिहास छ। तर, हिन्दीको भूगोल र ऐतिहासिकता छैन। यो धरातलीय यथार्थमा उभिँदा कुन-कुन मातृभाषा राष्ट्रभाषा हुन्, यो कुरालाई परिभाषित गर्नु जरुरी देखिन्छ" (तामाङ २०६६) ।

हिन्दीलाई सरकारको कामकाजी भाषाका रूपमा मान्यता दिँदा मधेसका मातृभाषाहरू चेपुवामा पर्नेछन् भन्ने विचार मधेसकै मातृभाषीहरूबाट पनि आएका छन्। सम्पर्क भाषा भनेको आवश्यकताले निर्धारण गर्ने हो (रामचन्द्र झा २०६६, अमरेन्द्र यादव २०६६) । नेपाली भाषाले चार हजार गाविसमा नै सम्पर्क भाषाको काम गरिरहेको छ। यस्तै, सार्वभौम राष्ट्रको स्वतन्त्र अस्तित्वलाई अक्षुण्ण राख्न नेपाली भाषाको प्रयोगलाई स्वीकार गर्दै अन्य भाषालाई आवश्यकताअनुरूप

सम्पर्क भाषाका रूपमा प्रयोग गर्नु उचित र वाञ्छनीय हुन्छ (रामचन्द्र झा २०६६)। मधेसका नागरिकलाई संविधानमै किटान गरेर हिन्दी सम्पर्क भाषा र कामकाजी भाषा चाहिएको छैन। "मधेसका भाषाहरू एक-अर्काका लागि बोधगम्य पनि छन्। उनी (मधेसी नागरिक) हरू सम्पर्क भाषा वा अर्कै कुनै नाममा थप भाषिक बोझ बोक्न तयार छैनन्" (अमरेन्द्र यादव २०६६) भन्ने विचार तराईका स्थानीय मातृभाषीहरूबाट आएको छ। हिन्दी भाषाले भारतीय पहिचान बोक्ने विचार यस खण्डमा पनि आएका छन् (थपलिया २०६६ख, बराल २०६६)। एक लेखमा भनिएको छ, "हिन्दी भाषालाई प्राथमिकता दिनु मधेसी समुदायको मातृभाषामाथि अडिएको राष्ट्रियतामाथि कुठाराघात गर्नु हो" (बराल २०६६)। हिन्दी भाषाले नेपालमा संवैधानिक मान्यता पाउने हो भने यसले तराईका स्थानीय भाषालाई विस्थापित गर्छ भन्ने तर्क अरूले पनि गरेका छन् (श्रेष्ठ २०६६, यात्री २०६६, घिमिरे २०६६, थपलिया २०६६ख, नेपाल २०६६, बराल २०६६)।

हिन्दी भाषा नेपालमा आधिकारिक रूपमा प्रवेश हुन लाग्यो भनी तराईका स्थानीयभाषी मात्र होइन नेपाली मातृभाषीहरू पनि डराएको देखिन्छ। "हिन्दी भाषा विस्तृत छ, उसको साहित्य पनि समृद्ध छ। यो आधी अर्ब जनताले बोल्ने र बुझ्ने भाषा पनि हो। विशाल वटवृक्ष (हिन्दी) को छहारीमुनि रोपेको बिरुवा (नेपाली र अन्य स्थानीय भाषा) जस्तोसुकै मलजल गरे पनि उसको सेपले त्यो बिरुवा टाक्सिन्छ-टाक्सिन्छ" (नेपाल २०६६)। केही लेखमा भारतकै सन्दर्भलाई ल्याएर त्यहाँ पनि त्यसको हबिगतको कुरा गरेको देखिन्छ (सुवेदी २०६६)। भारतमा हिन्दी भाषा विकसित हुँदै छ वा कमजोर हुँदै छ जे भने पनि त्यसलाई नेपालमा आधिकारिक रूपमा संवैधानिक मान्यता दिनुहुँदैन भन्ने नै हो। विगतमा सरकारको विभेदकारी भाषा नीतिका कारणले तराई-मधेसका मैथिली, भोजपुरी, अवधीलगायत अन्य जनजातिको भाषा र संस्कृतिमाथि शोषण भयो। तथापि अहिले नेपाली भाषा तराईमा पनि सम्पर्क भाषा भइसकेकाले हिन्दी भाषालाई सरकारी कामकाजको भाषाको दर्जा दिनु उचित नहुने तर्क गर्नेहरू पनि छन् (थपलिया २०६६ख, भट्टराई २०६६)।

## *सङ्घीय नेपाल र बहुभाषिक नीति*

उपराष्ट्रपतिको सपथ प्रकरणका बेला भाषासम्बन्धी बहसले चर्को रूप लिए पनि त्यो हिन्दी भाषाको सन्दर्भमा मात्र केन्द्रित रह्यो। एउटै घटनाले यति ठूलो तरङ्ग लिन पुग्यो कि भाषासम्बन्धी बहसमा हिन्दीको विवादबाहेक अन्य सवालहरू नै छैनन् जस्तो हुन गयो र भाषासम्बन्धी अरू सवालहरू ओझेलमा परे। तर

विस्तारै सङ्घीय राज्यहरूमा सरकारी कामकाज तथा पठनपाठनको माध्यमका रूपमा बहुभाषाको प्रयोग हुनुपर्छ भन्ने सवालहरू उठाइएका छन्। सपथ विवादमा नदेखिएकाहरू संविधान बनाउने सन्दर्भमा नयाँ नेपालको भाषानीति कस्तो हुनुपर्छ भनेर बहसमा उत्रिए। यस सन्दर्भमा नेपालमा हिन्दी भाषाको आवश्यकता छ भन्ने लेख तथा अन्तर्वार्तामा आधारित सामग्रीहरू पनि आएका छन्। नेपालमा भाषाको कुरा मधेसीहरूको मात्र नभएर जनजातिहरूको पनि चासोको विषय हो। पहिलेको बहसमा आदिवासी जनजातिको भाषा नीतिको प्रतिनिधित्व गर्ने वा त्यसको खण्डन गर्ने खालका लेखहरू थिएनन्।

कुन राज्य वा प्रान्तमा कुन-कुन भाषाहरू सम्पर्क वा सरकारी कामकाजमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा त्यहाँको जनसाङ्ख्यिकी तथा भाषिक बनोटमा भर पर्ने कुरा हो। तर मिश्रित खालको बसोबास भएकाले राज्य हेरी दुई-तीनओटा भन्दा बढी भाषालाई प्रयोगमा ल्याउनुपर्ने हुन सक्छ भन्ने विचारहरू धेरै आएका छन् (श्रेष्ठ २०६६, अमरेन्द्र यादव २०६६, योगेन्द्र यादव २०६६क र २०६६ख, टङ्कबहादुर राई २०६६, झा 'जिज्ञासु' २०६६, पदम राई २०६६, घिमिरे २०६६, बराल २०६६, योन्जन तामाङ २०६६, घले २०६६)। सरकारी विद्यालयमा नेपाली र निजीमा अङ्ग्रेजीमा मात्र पठनपाठन भइरहेकाले धेरै जनजातिहरू शिक्षा लिनबाट वञ्चित हुनु परेकाले पनि बहुभाषिक शिक्षा पद्धति आवश्यक भएको भनाइ पनि छ (घिमिरे २०६६)। भाषिक विविधतायुक्त नेपालमा एक वा दुई भाषाको प्रयोग उचित हुँदैन। जातीय आधारमा बन्ने राज्यमा उक्त जातिको र भाषिक आधारमा बन्ने राज्यमा उक्त भाषाको प्रयोग सरकारी कामकाजी भाषाका रूपमा हुनुपर्छ भन्ने भवानी बरालको धारणा छ। "केन्द्रीय सङ्घमा राज्यको पृष्ठभूमिको आधारमा हरेक सङ्घका एकएक आधिकारिक भाषा निश्चित गरिनुपर्छ। यसो गर्दा केन्द्रीय सङ्घमा करिब एक दर्जन भाषाले पहिचान पाउनेछन्। अन्य व्यावहारिक तथा प्राविधिक सजिलो र अप्ठचारो त भाषाको अभ्यासमा गएपछि मात्र थाहा लाग्छ" (बराल २०६६)। उनको जस्तै विचार अरूको पनि छ (योञ्जन-तामाङ २०६६)। जनसङ्ख्या, लेख्यपरम्परा, भाषिक क्षमता, साहित्यिक समृद्धिको हिसाबले दोस्रो ठूलो भाषा मैथिलीदेखि दसौँ ठूलो गुरुङ भाषाले समेत सरकारी कामकाजी भाषाको रूपमा प्रयोग हुने हैसियत राख्छन् (अमरेन्द्र यादव २०६६)।

यसरी समयक्रमसँगै भाषासम्बन्धी बहसमा विभिन्न थरीका विचार देखापरेका छन्। बाह्य देशको भाषाको प्रयोगले नेपालको राष्ट्रियता तथा सार्वभौमिकतामा खतरा हुन्छ भन्ने एकोहोरो तर्कभन्दा पछिल्लो खण्डको बहस अलि माथि उठेको

देखिन्छ । तर, हिन्दी विरोधी विचार आउँदै नआएको भने होइन (भट्टराई २०६६, सुवेदी २०६६, नेपाल २०६६) । अन्तर्वार्तामा आधारित सामग्री पनि केही मात्रामा बढेको छ। यसरी अखबारले भाषाको सन्दर्भमा पछिल्लो समयमा विभिन्न थरीका विचारलाई स्थान दिनु सकारात्मक पक्ष हो ।

## मिडियामा देखिएको पक्षधरता

समग्र मधेस एक प्रदेशलाई समर्थन गर्ने मधेसवादी दलका केही नेताहरूका लेख तथा अन्तर्वार्ता प्रकाशित छन् । मधेस प्रदेशको विरोधीहरूका लेखमा जे-जति सशक्त रूपमा आवाज उठाइएका छन्; पक्षधरहरूका लेख तथा अन्तर्वार्तामा त्यसको सशक्त प्रतिरक्षा भएको छैन । अझ हिन्दी भाषाका सन्दर्भमा उनीहरूको लेख पनि प्रकाशित भएको छैन । समाचारमा पनि उनीहरू मधेस प्रदेश र हिन्दी भाषा हुनुपर्छ भनिरहेका छन् भन्ने सूचना मात्र पाउन सकिन्छ। उनीहरूले त्यसको माग किन गरिरहेका छन्, त्यसका लागि उनीहरू के तर्क गर्छन् भन्ने कुरालाई अखबारले ल्याएको देखिँदैन। सीके लालका अनुसार, आन्दोलनको समयमा पूर्वदेखि पश्चिमसम्मका सबै मधेसीलाई जोड्ने नाराको रूपमा मधेस प्रदेश र हिन्दी भाषालाई उठाइएको हो । आन्दोलनमा जोड्ने काम गरिसक्यो र त्यसको उपयोगिता पनि सकियो । मधेसवादी दलहरू आफै पनि ती मागप्रति पूर्ण रूपमा प्रतिबद्ध छैनन् । त्यसैले त्यसको प्रतिरक्षामा दह्रो गरी उभिएनन् ।[२३]

मधेसवादी दलले उठाएका यी सवालमा मधेसमै पनि एक मत छैन। स्थानीय साहित्यकार तथा कलाकर्मीहरू आफ्नै भाषा, संस्कृति तथा मधेसभित्र पनि विविध पहिचानको कुरा गर्छन् ।[२४] राजनीतिमा नलागेका अन्य मधेसीहरूले पनि यी दुई विषयको खासै समर्थन गरेका छैनन् । यस सवाललाई मधेसवादी दलहरूले मात्रै चर्कोसँग उठाइरहेका छन् । नेपाली भाषामा प्रकाशन-प्रसारण हुने मूलधारको मिडिया हिन्दी भाषा र मधेस प्रदेशको समर्थक होइन । अखबारको समाचार तथा सम्पादकीय हेर्दा पनि उनीहरू मधेस प्रदेश र उपराष्ट्रपतिको कदमको विरोधीहरूसँग निकट छन् (गोरखापत्र २०६५ग, कान्तिपुर २०६४, २०६५क) । यस्तै, मूलधारको नेपाली मिडियामा मधेसी दलले उठाएका यी विषयलाई समर्थन नगर्ने अन्य प्रमुख दलसँग निकट रहेका थुप्रै पत्रकारहरू कार्यरत छन् । त्यसैले पनि हुन सक्छ, यी विषयका समाचारमा विरोधीका

---

[२३] सीके लालसँग २०६७ माघ ३ मा गरिएको कुराकानीमा आधारित ।

[२४] धीरेन्द्र प्रेमर्षिसँग २०६७ पुस २० र सीके लालसँग २०६७ माघ ३ मा गरिएको कुराकानीमा आधारित ।

विचारले बढी ठाउँ पाए। तराईका मातृभाषाका पक्षधरहरू र उनीहरूका समर्थकहरूका उस्तै-उस्तै तर्क गरिएका लेखहरू अखबारमा नियमित रूपमा आइरहे। उपराष्ट्रपतिले हिन्दीमा सपथ लिएपछि *कान्तिपुर*मा त्यसको विरोध गर्ने रामचन्द्र झाको अन्तर्वार्ता प्रकाशित छ (रामचन्द्र झा २०६५)। हिन्दी भाषाको विरोधमा *कान्तिपुर*मा थुप्रै लेख तथा पाठकपत्र प्रकाशित भए, तर समर्थनमा एउटा पनि लेख र अन्तर्वार्ता प्रकाशित भएन। *कान्तिपुर* दैनिकको सम्पादकीय नीति समग्र मधेस एक प्रदेश विरोधी हो भन्ने प्रस्ट नै देखिन्छ। हिन्दी भाषालाई कुन रूपमा अङ्गीकार गर्ने भन्ने विषयमा आफूहरू अझै निचोडमा नपुगेको *कान्तिपुर*का सम्पादक सुधीर शर्मा बताउँछन्।[२५] यस विषयमा अझै छलफल तथा बहस होस् र निष्कर्षमा पुगियोस् भन्ने चाहेको उनले बताए पनि *कान्तिपुर*को भाषा विवाद त्यस्तो देखिँदैन।

*नयाँ पत्रिका*ले उपराष्ट्रपतिको अन्तर्वार्ता प्रकाशित गर्‍यो (परमानन्द झा २०६५)। त्यसका अन्तर्वार्ताकारसँग बुझ्दा हिन्दी भाषाको आवश्यकता र औचित्यबारे अन्तर्वार्ता लिइएको होइन। उपराष्ट्रपतिले हिन्दी भाषामा सपथ लिएर गल्ती गरेका हुन् भन्ने कुरामा प्रस्ट भएर उनीहरू अन्तर्वार्ता लिन गएका थिए। अर्थात्, उनीहरू पनि परमानन्द झा र मधेसवादी दलहरू किन त्यसको पक्षमा उभिएका छन् भनेर खोतल्न अन्तर्वार्ता लिन गएका थिएनन्।[२६]

नेपाल सद्भावना पार्टीदेखि तराई मधेस लोकतान्त्रिक पार्टीसम्मका थुप्रै मागहरूमध्ये मधेस प्रदेश र हिन्दी भाषाले अखबारमा बढी प्राथमिकता पाए।[२७] नागरिकता र सेनामा मधेसीको समूहगत प्रवेशका विषयमा पनि चर्चा त भयो तर निरन्तर रूपमा यसरी बहस भने भएन। मिडियाले किन यी दुई विषयलाई मात्र बढी प्राथमिकता दिए ? यी विषयले विचार-सम्पादकीय पृष्ठमा पनि किन महत्त्वपूर्ण स्थान पाए त ? यी विषय देशको राजनीतिक तथा भाषिक संरचनामा निकै ठूलो फेरबदल ल्याउने विषय हुन्। त्यसैले यी विषयमा पर्याप्त छलफल र बहस हुनुपर्थ्यो र भयो भन्ने एउटा तर्क हुन सक्छ। तुलानारायण साह भन्छन्, "यो मिडियालाई मन नपर्ने विषय हो। त्यसैले यसले प्राथमिकता पायो।"[२८] राज्यका अरू तीन अङ्ग जस्तै नेपालको मूलधारको भनिने मिडिया पनि मधेसप्रति

---

[२५] *कान्तिपुर* दैनिकका सम्पादक सुधीर शर्मासँग २०६७ माघ २९ मा गरिएको कुराकानी।

[२६] *नयाँ पत्रिका*का सम्पादक कृष्णज्वाला देवकोटासँग २०६७ माघ १० मा गरिएको कुराकानी।

[२७] मधेसवादी दलका मागहरूबारे थप जानकारीको लागि हेर्नुहोस् गौतम (२०६४ख)।

[२८] तुलानारायण साहसँग २०६७ पुस २९ मा गरिएको कुराकानी।

पूर्वाग्रही भएकाले यी विषयले प्राथमिकता पाएको हो भन्ने मत पनि छ । यस सम्बन्धमा सीके लाल भन्छन्, "मिडियाले मधेसका सवाललाई कसरी अवैधानिक साबित गर्ने भन्ने कुरा खोज्छ । त्यसैले ऊ समानता, समता, उत्थानको कुरा उठाउँदैन । विखण्डनवादी भनेर ढिसमिस गर्न सकिने सवाल चाहे त्यो एक मधेसको कुरा होस् वा हिन्दी भाषाको कुरा राष्ट्रिय एकता र अखण्डतामा बाधा पर्छ भन्ने गरी अलि नकारात्मक किसिमले बढी महत्त्व दिएको हो ।"[२९]

नेपाली भाषामा मधेसीको राम्रो पकड नभएर पनि उनीहरूका कुरा अखबारमा कम आएको हो भन्ने तर्क हुन सक्छ । तर, तुलानारायण साह भाषाका साथै लेखपढ गर्ने संस्कृतिलाई मुख्य कारण मान्छन् । उनका अनुसार लेखपढ गर्ने परम्परा पहाडमा र मधेसमा पनि उच्च जातमा बढी छ । पहाडमा उनीहरूको सङ्ख्या ठूलो छ भने मधेसमा न्यून । उनी भन्छन्, "कुनै पनि विषयमा राष्ट्रियस्तरका मिडियामा लेख्ने मधेसीको सङ्ख्या १० जना पुग्न पनि गाह्रो छ ।"[३०] यी विचारहरूलाई आधार मान्ने हो भने मिडियामा सबै समुदायको आवाजको उचित प्रतिनिधित्व अहिले नै सम्भव छैन ।

नेपाली अखबारका लागि गुणस्तरीय लेखको सधैँ खाँचो रहने अनुभव सम्पादकहरूसँग छ । अखबारमा छापिने लेखको ठूलो हिस्सा आफै आउने लेखहरूले लिन्छन् । अखबारका सम्पादक तथा विचार सम्पादकीय पृष्ठ हेर्ने डेस्कमा बस्नेहरूलाई आवश्यक लागे मात्र कसैलाई लेखको लागि अनुरोध गरिन्छ । अनुरोध गर्दा पनि लेख आउने अवस्था नभए अन्तर्वार्ता पनि लिइन्छ । हिन्दी भाषा र मधेस प्रदेशको विरोध गरिएका लेख तथा समाचारहरू आइरहँदा पनि सम्बन्धित पक्षको विचार पनि ल्याउने चिन्ता भने सम्पादकहरूलाई भएन । यद्यपि यी विषयका पक्षधरहरूका केही लेख तथा अन्तर्वार्ता पनि प्रकाशित भएका छन् । त्यसैले मधेसवादीहरूको विचारलाई अखबारले निषेधै भने गरेको छैन । तर, मधेसवादी दल र तिनका सवाल दुवैलाई क्षेत्रीय भन्ने बुझाइ मिडियामा छ । त्यसैले राष्ट्रिय मिडियाको दाबी गर्ने यी अखबारमा क्षेत्रीय वा मधेसवादीहरूका विचार पनि विरोधीका विचारहरू जस्तै प्राथमिकताका साथ आउनुपर्छ भन्ने चिन्ता कमै मात्र भयो ।

---

[२९] सीके लालसँग २०६७ माघ ३ मा गरिएको कुराकानी ।

[३०] तुलानारायण साहसँग २०६७ पुस २९ मा गरिएको कुराकानी ।

## अन्त्यमा

समग्र मधेस एक प्रदेश र भाषा विवाद दुवै विषयमा भएको अखबारी बहस हेर्दा मिडियाको पक्षधरता स्पष्ट देखिन्छ । अध्ययनमा समेटिएका अखबारमा छापिएका विचार पढ्दा ती अखबार एक मधेस एक प्रदेश तथा हिन्दी भाषालाई नेपाली भाषासरह आधिकारिक मान्यता दिइनुपर्छ भन्ने विषयका विपक्षमा उभिएको देखिन्छ । मधेसीको आधारभूत चाहना भनेको पहिचान र राज्यका अङ्गहरूमा समान सहभागिता हो । नेपाल सद्भावना पार्टीले राज्यव्यवस्थाबाट मधेसीहरूलाई योजनाबद्ध रूपमा विभेद गरिएकाले पूर्वदेखि पश्चिमसम्मका मधेसीहरू एकताबद्ध हुनुपर्छ भन्ने बृहत् मधेसवादको कुरा गऱ्यो । मधेसमा सद्भावना पार्टीको बलियो उपस्थिति नहुँदा यस विषयमा नेपाली राजनीति र मिडियामा चर्चा तथा बहस भएको थिएन । जब मधेस विद्रोहमा 'समग्र मधेस एक प्रदेश'को नारा लोकप्रिय बन्यो त्यसपछि यसबारे विभिन्न कोणबाट व्याख्या हुन थाले । संविधानसभाको निर्वाचनपछि आएका समाचार र वैचारिक लेखहरूमा पनि मधेसका यी दुई सवाल उठाइँदा विखण्डनको डर नै प्रमुख रूपमा आएका छन् । प्रकाशित वैचारिक केही लेखमा पनि ती माग उठ्नुका वास्तविक कारण न्यून मात्रामा आएका छन् । अखबारले पनि विरोधीहरूले जे-जसरी लेखे वा भने त्यसैलाई सतही रूपमा प्रस्तुत गरे; गहन ढङ्गले खोज्ने र प्रस्तुत गर्ने आवश्यकता ठानेनन् ।

तराईमा कस्तो प्रदेश हुनुपर्छ, कुन भाषाको स्थान कस्तो हुनुपर्छ भन्ने विषयमा अरूका कुरा मिडियामा धेरै आए पनि तराईका स्थानीयहरूको विचार निकै कम मात्र आए । तराईमा मातृभाषाको पक्षमा वकालत गर्नेहरू र मूलधारका भनिने अखबारहरूको चाहना धेरै हदसम्म मिल्यो, फलस्वरूप उनीहरूका विचार अखबारमा सजिलैसँग छापिए । मधेस प्रदेश र हिन्दी भाषाको विरोध गर्नेहरूले जहाँ जे बोले पनि तिनले झन् सजिलै समाचार बन्ने मौका पाए । तर, हिन्दी भाषाको औचित्य देख्नेहरूका विचारले उति स्थान पाउन सकेनन् । मधेसमा हुने प्रदेशलाई लिएर मधेसवादी पार्टीका केही नेताहरूका लेख तथा अन्तर्वार्ता छापिए पनि छलफलका लागि ती पर्याप्त थिएनन् । अझ मधेसीहरू माझ यस विषयमा छलफलै भएन भन्दा पनि हुन्छ । मधेसवादी दलहरूले बहुप्रदेशलाई स्वीकारिसके भन्ने व्याख्या धरै अघिदेखि हुन थालेको हो ।  मधेस प्रदेशमा उनीहरू अद्यापि अडिग छन् भन्ने कुरा विभिन्न सम्झौताहरूमा उनीहरूले राखेको अडानबाट देख्न सकिन्छ । यी विषयमा सन्तुलित र गहन छलफल भएको भए यस्तो अवस्था नहुन सक्थ्यो ।

मूलधारको नेपाली मिडिया नेपाली भाषा राम्रो भएकाहरूको पकडमा छ। मिडियामा हुने विभिन्न बहसमा मधेसी समुदायको सहभागिता र प्रभाव अझै पनि सशक्त हुन सकेको छैन। विभिन्न राजनीतिक विचारधारा र दलहरूमा नेपाली पत्रकारहरू विभाजित रहेको वास्तविकता पनि हामीसँग छ। त्यसैले मिडियाले मधेसी समुदायप्रति सहानुभूति देखाउन खोजे पनि मिडिया र मधेसको अधिकारको कुरा गर्नेहरूबीच बुझाइ फरक भएकाले कतिपय विषयमा अखबारमा सन्तुलनको अभाव देखिन्छ। त्यसैले मिडिया अझै पनि सबैका लागि छलफलका साझा चौतारी हुन सकेको छैन।

समग्र मधेस एक प्रदेश तथा हिन्दी भाषालाई नेपालीसरह मान्यता दिइनुपर्छ भन्ने विचारलाई कुनै पनि पहाडीले समर्थन गरेका छैनन्। मातृभाषाका समर्थकहरूले मैथिली भाषाको पक्षमा वकालत गरे पनि एक मधेस प्रदेशको विरोध नगर्नुलाई जातीयता/क्षेत्रीयता तथा राजनीतिक र सांस्कृतिक प्रभावका रूपमा लिन सकिन्छ। समग्रमा भन्दा यस अध्ययनमा समेटिएका तीनओटै अखबारका मधेसप्रतिका धारणा र प्राथमिकता एकै खालका छन्।

## आभार

यस लेखका विभिन्न मस्यौदा पढेर सुझाव दिनुहुने भास्कर गौतम, शेखर पराजुली, देवराज हुमागाईं, प्रत्यूष वन्त, रमेश पराजुली र हर्षमान महर्जनप्रति विशेष आभारी छु। प्रभाकर गौतम र रमिता महर्जनको टिप्पणी पनि लेख परिमार्जनका लागि महत्त्वपूर्ण रह्यो। विभिन्न कार्यमा सहयोग गर्ने मार्टिन चौतारी पुस्तकालयका सबै साथीलाई धन्यवाद। अन्तिम मस्यौदा सम्पादन गर्ने विमल आरोही र विभिन्न समयमा सल्लाह तथा सुझाव दिने शरद घिमिरे, अनुभव अजीत, प्रमोद भट्ट र अर्जुन पन्थीप्रति आभारी छु। अनुसन्धानको क्रममा अन्तर्वार्ताका लागि समय दिने सबैप्रति कृतज्ञ छु। यहाँ भएका कमजोरी भने मेरा मात्र हुन्।

## सन्दर्भसामग्री

अग्रहरि, सीताराम। २०६४। देश विखण्डनको खतरा वा सामर्थ्यहीन सारथि! *गोरखापत्र,* ११ फागुन, पृ. ७।

अधिकारी, धर्म र जगदिश पोखरेल। २०६५। संविधानसभाको निर्वाचन र प्रेस: समग्रमा संयमित, थोरैको वर्चस्व। *संहिता* २ : १२-२५।

अधिकारी, सूर्यसूदन । २०६५ । राष्ट्रियताको मानमर्दन (पाठकपत्र) । *नयाँ पत्रिका,* १४ साउन, पृ. ६ ।

आचार्य, सविन । २०६५ । जायज विरोध (पाठकपत्र) । *कान्तिपुर,* १२ साउन, पृ. ६ ।

कान्तिपुर । २०६४ । सिङ्गो तराई प्रदेश हुन नहुने कारण (सम्पादकीय) । १३ फागुन, पृ. ६ ।

कान्तिपुर । २०६५क । दल नीति र उपराष्ट्रपति (सम्पादकीय) । १२ साउन, पृ. ६ ।

कान्तिपुर । २०६५ख । हिन्दीमा शपथको सर्वत्र विरोध । ११ साउन, पृ. ४ ।

कान्तिपुर । २०६५ग । उपराष्ट्रपतिलाई वर्णमाला । ११ साउन, पृ. ४ ।

कान्तिपुर । २०६५घ । साम्प्रदायिक सद्भाव कायम राख । १४ साउन, पृ. ३ ।

कान्तिपुर । २०६६ । पुनर्संरचनाबारे छलफल सुरु । १८ माघ, पृ. ३ ।

खड्गा, सीएन । २०६५ । हिन्दीको विरोध किन (पाठकपत्र) ? *कान्तिपुर,* १३ साउन, पृ. ६ ।

गिरी, सरिता । २०६५ । मधेस स्वायत्तताको सन्दर्भ । *कान्तिपुर,* २९ असार, पृ ७ ।

गुप्ता, जयप्रकाश । २०६५क । समग्र मधेसः एक थारू प्रदेश । *कान्तिपुर,* २३ असार, पृ. ७ ।

गुप्ता, जयप्रकाश । २०६५ख । मधेस प्रदेश अनिवार्य । *कान्तिपुर,* १२ साउन, पृ. ७ ।

गुप्ता, जयप्रकाश । २०६६ । भौगोलिक पहिचान खोजेको हो । *कान्तिपुर,* १४ माघ, पृ. ७ ।

गुप्ता, जयप्रकाश, उपेन्द्र यादव, हरिवंश झा र अमरेश नारायण झा । २०६० । *नेपाली मधेसीका समस्या : चार विचार* । काठमाडौं : मधेसी मानव अधिकार संरक्षण केन्द्र ।

गोरखापत्र । २०६५क । उपराष्ट्रपति झाको सर्वत्र विरोध । १० साउन, पृ. ३ ।

गोरखापत्र । २०६५ख । साम्प्रदायिक सद्भाव कायम गर्न आग्रह । १४ साउन, पृ. १ ।

गोरखापत्र । २०६५ग । सामाजिक सद्भाव (सम्पादकीय) । १५ साउन, पृ. ६ ।

गौतम, भास्कर । २०६४क । मधेसी विद्रोह : नैराश्यको राजनीति । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम, सं., पृ. १-३६ । काठमाडौंः मार्टिन चौतारी ।

गौतम, भास्कर, सं. । २०६४ख । *मधेस विद्रोहको नालीबेली* । काठमाडौं : मार्टिन चौतारी ।

घले, खिम । २०६६ । आवश्यकता बहुभाषिक नीतिको । *कान्तिपुर,* २१ जेठ, पृ. ७ ।

घिमिरे, झमक । २०६५ । मधेस र हामी । *कान्तिपुर,* २४ असार, पृ. ६ ।

घिमिरे, विनय । २०६६ । बहुभाषा र भाषिक सङ्घीयता । *गोरखापत्र,* २० मङ्सिर, पृ. ७ ।

चन्द्रकिशोर । २०६४ । नेपाली मिडियामा मधेसी पत्रकार । *समावेशी मिडिया* । प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं., पृ. २२३-२३१ । काठमाडौं : मार्टिन चौतारी ।

चन्द्रकिशोर । २०६५ । इमानदार राजनीतिको प्रश्न । *नयाँ पत्रिका,* २२ असार, पृ. ६ ।

चन्द्रकिशोर । २०६६क । तेलंगाना, तराई र मिथिला राज्य । *नयाँ पत्रिका,* २१ पुस, पृ. ११ ।

चन्द्रकिशोर । २०६६ख । मधेस विद्रोहको वार्षिकी : आन्दोलनको आलाप । *नयाँ पत्रिका,* १२ माघ, पृ. ११ ।

चालिसे, विजय । २०६४ । मधेस आन्दोलन र संविधानसभा । *गोरखापत्र,* १४ फागुन, पृ. ६ ।

चौधरी, दीपक । २०६६क । सङ्घीयता : चुनौतीका बीच सम्भावना । *नयाँ पत्रिका,* २१ मङ्सिर, पृ. १० ।

चौधरी, दीपक । २०६६ख । थारू-मधेसी अलायन्सको सन्देश । *नयाँ पत्रिका,* २६ माघ, पृ. ११ ।

चौधरी, महेश । २०६५क । तराईमा पाँच प्रदेश । *कान्तिपुर,* २० असार, पृ. ७ ।

चौधरी, महेश । २०६५ख । समग्र तराई थारूवान प्रदेश । *कान्तिपुर,* २६ असार, पृ. ६ ।

चौधरी, महेश । २०६६ । फोरम विस्फोट र भूमि स्वामित्व । *नयाँ पत्रिका,* १९ जेठ, पृ. १० ।

चौरसिया, महेश । २०६५ । मधेस विखण्डनको फोबिया (पाठकपत्र) । *नयाँ पत्रिका,* २४ असार, पृ. ६ ।

जोशी, चन्द्रदेव । २०६५ । एक मधेस-एक प्रदेशको नारा । *नयाँ पत्रिका,* २१ असार, पृ. ७ ।

ज्ञवाली, प्रदीप । २०६५ । स्वायत्तता, मधेस र बिर्सिएका सवाल । *कान्तिपुर,* २० असार, पृ. ७ ।

झा, परमानन्द । २०६५ । आफ्नो बोली बोल्दा र आफ्नो लुगा लगाउँदा कसैले गाली गर्छ भने तपाई छाडिदिनुहुन्छ (कृष्णज्वाला देवकोटा र महेश चौरसियाले लिएको अन्तर्वार्ता) ? *नयाँ पत्रिका,* १५ साउन, पृ. १५ ।

झा, मञ्चला । २०६४ । अन्योलको भुमरीमा मधेस । *गोरखापत्र,* १२ फागुन, पृ. ७ ।

झा, रामचन्द्र । २०६५ । मातृभूमि र मातृभाषा अविच्छिन्न (घनश्याम खड्का र जितेन्द्र साहले लिएको अन्तर्वार्ता) । *कान्तिपुर,* १६ साउन, पृ. ७ ।

झा, रामचन्द्र । २०६६ । संविधानसभा र राष्ट्रको भाषिक गन्तव्य । *कान्तिपुर,* २१ असार, पृ. ७ ।

झा "जिज्ञासु", जयनारायण । २०६६ । भाषा समस्या मेटी सद्भाव बढाऔँ । *गोरखापत्र,* १८ असार, पृ. ७ ।

ठाकुर, राजेन्द्र । २०६५ । फेरी सपथ खाऊ (पाठकपत्र) । *कान्तिपुर,* १४ साउन, पृ. ६ ।

तामाङ, परशुराम । २०६६ । के नेपाली भाषा मात्रै राष्ट्रभाषा हो ? *नयाँ पत्रिका,* २१ भदौ, पृ. ११ ।

तुलाधर, पद्मरत्न । २०६६ । सलाम उपराष्ट्रपतिको विद्रोहलाई । *नयाँ पत्रिका,* २३ भदौ, पृ. ११ ।

थपलिया, अर्जुन । २०६६क । मधेसका सवाल । *कान्तिपुर,* १२ माघ, पृ. ७ ।

थपलिया, अर्जुन । २०६६ख । मधेसमा भाषा राजनीति । *कान्तिपुर,* २२ पुस, पृ. ७ ।

थापा, प्रकाश । २०६४ । मधेस समस्याका जटिल पक्ष । *गोरखापत्र,* ४ फागुन, पृ. ६ ।

थापा, मोहन । २०६५ । हिन्दी भाषाको दलाली (पाठक पत्र) । *नयाँ पत्रिका,* १२ साउन, पृ. ६ ।

थापा क्षेत्री, त्रिलोकसिंह । २०६५ । राष्ट्रभाषाका पक्षमा (पाठकपत्र) । *नयाँ पत्रिका,* १६ साउन, पृ. ६ ।

दाहाल, भ्रमण । २०६५ । राष्ट्रियताको 'बखेडा'मा उपराष्ट्रपति (पाठकपत्र) । *नयाँ पत्रिका,* १२ साउन, पृ. ६ ।

दीक्षित, मदनमणि । २०६५ । 'समग्र मधेसः एक प्रदेश' : काल्पनिक नारा । *कान्तिपुर,* २३ असार, पृ. ७ ।

देव, जितेन्द्र । २०६५ । मधेसवादी दलको हङ्गामा । *कान्तिपुर,* १८ असार, पृ. ७ ।

देव, दीपककुमार । २०६५ । मैथिली भाषाको अपमान (पाठकपत्र) । *कान्तिपुर,* १३ साउन, पृ. ६ ।

देव, रामनारायण । २०६४ । तराई आन्दोलनपछि निर्वाचन । *कान्तिपुर,* २८ फागुन, पृ. ७ ।

देव, रामनारायण । २०६५ । मैथिली दोस्रो राष्ट्रभाषा (पाठकपत्र) । *कान्तिपुर,* २३ साउन, पृ. ६ ।

देवकोटा, गृष्मबहादुर । २०३६[२०१६] । *नेपालको राजनीतिक दर्पण* । काठमाडौँ: ध्रुवबहादुर देवकोटा ।

देवकोटा, वासुदेव । २०६५ । उपराष्ट्रपतिको हिन्दी प्रेम (पाठकपत्र) । *गोरखापत्र,* १२ साउन, पृ. ६ ।

नयाँ पत्रिका । २०६५ । उपराष्ट्रपतिको देशभर विरोध । ९ साउन, पृ. ३ ।

नागरिक । २०६८ । लेखीको पार्टी । १६ जेठ, पृ. १ ।

नेपाल, ज्ञानमणि । २०६६ । हिन्दी भाषाको औचित्य । *कान्तिपुर,* २१ साउन, पृ. ७ ।

नेपाल, प्रदीप । २०६५ । 'परमानन्द'को अन्तर्वार्ता । *नयाँ पत्रिका,* २० साउन, पृ. ७ ।

नेपाल, प्रदीप । २०६६ । मधेस प्रदेश र रोम विधान । *नयाँ पत्रिका,* २५ माघ, पृ. ११ ।

पंगेनी, भवेश्वर । २०५८ । नेपालमा भाषा विवाद : एक राजनीतिक सवाल (वि.सं. २०१०-२०१५) । *भ्वाइस अफ हिस्ट्री* १६(२) : ९१-१०८ ।

परदेशी कान्छा । २०६५ । उपराष्ट्रपति झाका नाममा (पाठकपत्र) । *नयाँ पत्रिका,* १२ साउन, पृ. ६ ।

पाठक, युग । २०६५ । सिजोफ्रिनियाग्रस्त मधेसवादीहरू । *नयाँ पत्रिका,* २१ असार, पृ. ७ ।

पिटर, नरेन्द्रजङ्ग । २०६४ । थारू र थरूहटबारे केही कुरा । *गोरखापत्र,* १२ फागुन, पृ. ६ ।

पोखरेल, कृष्ण । २०६४ । मधेस चाहिने, मधेसी नचाहिने ? *नयाँ पत्रिका,* २ फागुन, पृ. ७ ।

पोखरेल, कृष्ण । २०६५ । मधेस सवाल माथिको शब्दजाल । *नयाँ पत्रिका,* १९ असार, पृ. ७ ।

पोखरेल, सृजन । २०६५ । हिन्दी हंगामा (पाठक पत्र) । *नयाँ पत्रिका,* १२ साउन, पृ. ६ ।

पौडेल, चिरञ्जीवी । २०६५ । मधेसी दलको अर्घेलो । *नयाँ पत्रिका,* २४ असार, पृ. ७ ।
प्रेमर्षि, धीरेन्द्र । सन् २००६ । मधेसको टुटुल्को मात्र देख्ने नेपाली मिडिया । *मधेस : समस्या र सम्भावना*। वसन्त थापा र मोहन मैनाली, सं., पृ. १२७-१५४ । ललितपुर : सोसल साइन्स बहाः ।
प्रेमर्षि, धीरेन्द्र । २०६१ । रेडियोमा मधेश र मधेशी । *रेडियो नेपालको सामाजिक इतिहास*। प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३४९-३६६ । काठमाडौँ : मार्टिन चौतारी ।
प्रेमर्षि, धीरेन्द्र । २०६५ । भाषाको राजनीति । *कान्तिपुर,* १३ साउन, पृ. ७ ।
बराल, भवानी । २०६६ । सङ्घीय राज्यमा भाषिक नीति । *कान्तिपुर,* १० असार, पृ. ७ ।
बराल, लोकराज । २०६४ । सम्झौता र त्यसपछिको राजनीति । *कान्तिपुर,* २१ फागुन, पृ. ७ ।
भट्टराई, कोमल । २०६६ । अब के हुनुपर्छ ? *कान्तिपुर,* २३ साउन, पृ. ७ ।
भुर्तेल, भीमप्रसाद । २०६४ । मधेसको अर्थराजनीति । *कान्तिपुर,* १६ फागुन, पृ. ७ ।
महर्जन, राजेन्द्र । २०६५ । रोस्ट्रममा कैद संविधानसभा र मधेस । *गोरखापत्र,* १८ असार, पृ. ७ ।
माथेमा, पुष्कर । २०६५ । उप-राष्ट्रपतिको हिन्दीमोह बूढी मरीभन्दा पनि काल पल्केला भन्ने चिन्ता । *गोरखापत्र,* १५ साउन, पृ. ६ ।
मानन्धर, मंगलसिद्धि । २०६५ । एक प्रदेश असम्भव । *कान्तिपुर,* १२ साउन, पृ. ७ ।
यात्री, टीकाराम । २०६६ । भाषा विवाद र राष्ट्रियताको प्रश्न । *गोरखापत्र,* २५ भदौ, पृ. ७ ।
यादव, अमरेन्द्र । २०६५ । मातृभाषाको अपमान (पाठकपत्र) । *कान्तिपुर,* १० साउन, पृ. ६ ।
यादव, अमरेन्द्र । २०६६ । मातृभाषाहरू चेपुवामा पर्ने खतरा । *नयाँ पत्रिका,* २१ साउन, पृ. ११ ।
यादव, उपेन्द्र । २०५४ । *नेपालको मधेशी समुदाय : एक विवेचना*। विराटनगर : आदिवासी-जनजाति विकास तथा अनुसन्धान केन्द्र ।
यादव, उपेन्द्र । २०६५ । माओवादीले निर्णय गर्दा खुसी लाग्नु स्वभाविक हो (सिताराम अग्रहरिले लिएको अन्तर्वार्ता) । *गोरखापत्र,* २७ जेठ, पृ. ७ ।
यादव, योगेन्द्रप्रसाद । २०६६क । म कम हेपिएको मधेसी (सङ्गीत श्रोताको अन्तर्वार्तामा आधारित) । *नयाँ पत्रिका,* ९ मङ्सिर, पृ. ६/७ ।
यादव, योगेन्द्रप्रसाद । २०६६ख । बहुषाषिक नीति आवश्यक (राजेन्द्र फ्युयालले गरेको कुराकानीमा आधारित) । *कान्तिपुर,* २१ जेठ, पृ. ७ ।
यादव, लालबाबु । २०६५ । सङ्घीय शासनमा मधेस । *नयाँ पत्रिका,* ४ वैशाख, पृ. ६ ।
युएनडीपी । २०६५ । *नेपालको अन्तरिम संविधान, २०६३ : पहिलोदेखि छैठौं संशोधनसहित*। ललितपुर : युएनडीपी ।

योञ्जन तामाङ, अमृत । २०६६ । भाषा प्रयोग नागरिकको अधिकार । *कान्तिपुर,* २१ जेठ, पृ. ७ ।

राई, टङ्कबहादुर । २०६६ । भाषिक नीति : आदिवासी जनजातिको जिम्मेवारी । *गोरखापत्र,* २६ जेठ, पृ. ६ ।

राई, पदम । २०६६ । बहुभाषिक विश्वविद्यालयको बहस । *गोरखापत्र,* २७ साउन, पृ. ७ ।

राकेश, रामदयाल । २०६६ । नयाँ नेपालको नयाँ भाषिक नीति । *गोरखापत्र,* २ साउन, पृ. ६ ।

लामा, सङ्गीता । २०५८ । भाषा विवाद मध्यम मार्ग नै बेस । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ. २६५-२६८ । काठमाडौं : एकता बुक्स ।

लाल, वृषेशचन्द्र । २०६५ । मधेसप्रतिको पूर्वाग्रह । *कान्तिपुर,* २५ असार, पृ. ७ ।

लुइँटेल, दिनेश । २०६५ । राष्ट्रियता बचाऊँ (पाठकपत्र) । *गोरखापत्र,* १२ साउन, पृ. ६ ।

लेखी, राजकुमार । २०६५ । तराईका भूमिपुत्र आदिवासी । *कान्तिपुर,* २६ असार, पृ. ७ ।

लेखी, राजकुमार । २०६६ । अधिकार खोस्ने प्रयास । *कान्तिपुर,* १९ पुस, पृ. ७ ।

वाग्ले, कुलचन्द्र । २०६५ । एक देश : केही प्रदेश । *कान्तिपुर,* २५ असार, पृ. ६ ।

वाग्ले, त्रिभुवनचन्द्र । २०६४ । मधेसको आन्दोलन र वस्तुस्थिति । *गोरखापत्र,* १७ फागुन, पृ. ७ ।

विष्ट, तीर्थ र चिरन मानन्धर, सङ्कलक । २०६६ । *तराई-मधेस: सन्दर्भ ग्रन्थ* । काठमाडौं : मार्टिन चौतारी ।

शर्मा, दिनानाथ । २०६४ । मधेसी आन्दोलन, राष्ट्रियता र जनजीवन । *गोरखापत्र,* १७ फागुन, पृ. ६ ।

शर्मा, भुवन । २०६६ । मैथिली र नेपालीमा शपथ लिएर उपराष्ट्रपति सक्रिय । *नयाँ पत्रिका,* २५ माघ, पृ. २ ।

शर्मा, रामेश्वर । २०६५ । खोक्रो राष्ट्रवादका विपक्षमा (पाठकपत्र) । *नयाँ पत्रिका,* १५ साउन, पृ. ६ ।

श्रेष्ठ, श्याम । २०६५ । मधेसी सभासद् उल्टो बाटोतिर । *गोरखापत्र,* २१ असार, पृ. ६ ।

श्रेष्ठ, श्याम । २०६६ । समानतायुक्त भाषानीतिका पक्षमा । *नयाँ पत्रिका,* १८ असार, पृ. ११ ।

सङ्ग्रौला, खगेन्द्र । २०६५क । शपथ, विरोध र आगो । *नयाँ पत्रिका,* १५ साउन, पृ. ७ ।

सङ्ग्रौला, खगेन्द्र । २०६५ख । चियामा परेको झिङ्गो । *कान्तिपुर,* १५ साउन, पृ. ७ ।

सङ्ग्रौला, युवराज । २०६४ । तराईको आन्दोलन- केही प्रश्न । *कान्तिपुर,* १५ फागुन, पृ. ७ ।

साह, जितेन्द्र । २०६५ । हिन्दी मोह । *कान्तिपुर,* ११ साउन, पृ. ६ ।

सिंह, नन्दकिशोर । २०६५ । सम्पर्क भाषा हिन्दी (पाठकपत्र) । *कान्तिपुर,* ३१ असार, पृ. ६ ।

सुवेदी, लोकनारायण । २०६६ । भारतमै हिन्दी भाषाको हबिगत । *गोरखापत्र,* १८ मङ्सिर, पृ. ७ ।

CBS. 2003. Population Census 2001: Cast/Ethnicity, Mother Tongue and Religion (District Level). Kathmandu: Central Bureau of Statistics (CBS), National Planning Comission Secretariat.

Gaige, Frederick H. 1975. *Regionalism and National Unity in Nepal*. Berkeley and Los Angeles: University of California Press.